Jana Aakash National Weekly

# जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-१४ , अंक- ३३, २०७८ साल चैत्र १ गते मंगलबार (Mar 15, 2022) www.janaakash.com.np मूल्य रु १०।-

जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित
www.janaakash.com.np
अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्कः ४१६७५७८ (बागबजार)
मोबाइलः ९८६१५८८४५६
Email: jana.news2065@gmail.com

# स्थानीय निर्वाचनको ५ बर्ष कसरी बित्दै छ ?

**मोहन कार्की**

काठमाडौ । नेपालमा घर-घरमा सिंहदरवार नार दिएको स्थानीय सरकारको समय अवधि दुई महिना पछि समाप्त हुदैछ भने सोही समयमा स्थानीय निर्वाचन घोषणा भइसकेको छ ।

यो ५ बर्षको अवधिमा स्थानीय सरकारहरुले गरेका काम जनमुखी भए भएनन् ? सिंहदरवारको अधिकार घर घरमा भन्ने नारा कार्यन्वयनमा आयो की आएन ? यस बिषयको समिक्षा राजनीतिक पार्टीहरुले नगरे पनि स्थानीय जनताले समिक्षा गर्न जरुरी छ ।

जनताले नै निर्वाचनमा समर्थन गरेर जिताएका राजनीतिक दलका कार्यकर्ता स्थानीय सरकारको नेतृत्व गर्ने ठाउँमा जनप्रतिनिधिको रुपमा आएका हुन् ।

ति जन प्रतिनिधिहरुले जनताको घर घरमा सिंह दरवार पु-याएकी पु-याएनन् ?

राजनीतिक दलको चुनाव चिन्ह लिएर जन प्रतिनिधिमा निर्वाचित भएका स्थानीय सरकारहरुले पार्टीको हितमा मात्र काम गरेकि समग्र जनताको काम गरे ? भन्ने प्रश्नहरुको समिक्षा




आजभोलि उठ्नु पर्ने हो । तर स्थानीय स्तरमा रहेका जनताले यस्ता बिषयमा खुल्ला बहस कतै गरेको सुनिएको छैन । बरु विगतको जस्तै गरी चुनाव आउनु केही समय अगाडी कन पार्टीले जित्छ ? कुन पार्टीलाई जिताउने फलानो यस्तो तिलानो यस्तो जस्ता बिषयमा मात्रै स्थानीय सरकार भएका क्षेत्रहरुमा यस्तै मात्रै बिषयमा कुरा भइरहेको सुनिन्छ ।

स्थानीय तहमा भुगोलको क्षेत्रफल, जनसंख्याको आधार, त्यस क्षेत्रको विशिष्टता, लगायत के के सम्भावित विकास गर्न सक्ने बिषयहरु हुन् त्यसको वारेमा छलफल योजना ल्याएर कार्यन्वयन गर्न सक्ने क्षमत भएको नेतृत्व चयन गर्न पर्टी आम मतदाताको ध्यान हुनुपर्ने हो र स्थानीय स्तरमा विगतमा निर्वाचित भएका जनप्रतिनिधिहरुलाई पनि जुन पार्टीले अगाडी सारेर जितायो त्यही पार्टीहरुले आफ्नो पार्टीको हितभन्दा पनि माथि उठेर जनता र देशको पक्षमा को कसले काहा कति प्रगति ग-यो भनि तथ्यको आधारमा तिनै तथ्यलाई आधार मानेर बहस चलाउने पर्ने वेला हो ।

तर त्यस्तो बिषयमा पनि बहस भएको कतै पाइदैन । स्थानीय सरकारलाई

बाँकी ६ पृष्ठमा

# आयल निगममा थानी नियुक्त

काठमाडौं । नेपाल आयल निगमको कार्यकारी निर्देशक पदमा सुर्खेतका उमेशप्रसाद थानी नियुक्त भएका छन् । मन्त्रिपरिषद् बैठकले थानीलाई नेपाल आयल निगमको कार्यकारी निर्देशक पदमा नियुक्त गर्ने निर्णय गरेको हो । मन्त्रिपरिषद् बैठकले उनलाई ३ वर्षका लागि नियुक्त गरेको हो ।



पूर्वऊर्जा मन्त्री जनार्दन शर्माको कार्यकाल अर्थात् २०७४ सालको शेरबहादुर देउवा सरकारका पालामा थानी नेपाल विद्युत् प्राधिकरणको सञ्चालक नियुक्त भएका थिए । उनले करिब २ वर्ष सञ्चालकको जिम्मेवारी सम्हालेर २०७६ कात्तिक ३ गते व्यक्तिगत कारण देखाई तत्कालीन ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री वर्षमान पुनसमक्ष राजीनामा दिएका थिए । प्राधिकरणका जटिल विषयमा निर्णय गर्नुपर्दा मन्त्री पुनले समेत थानीसँग आवश्यक सल्लाह तथा परामर्श लिने गरेको एक पूर्वसञ्चालक स्मरण गर्छन् । त्यतिबेला, नेकपा समर्थित सञ्चालकहरू रहेको प्राधिकरणमा थानीले एक्लै प्रतिपक्षको भूमिका समेत निर्वाह गरेका थिए । ट्रंक लाइन महसुल प्रकरण होस् वा चमेलिया जलविद्युत आयोजनाको भेरियसनका विषयमा उनी खरो रूपमा सञ्चालक समितिमा प्रस्तुत हुने गर्थे । मन्त्री पुन र कार्यकारी निर्देशक कुलमान घिसिङले सुरुमा ट्रंक लाइन महसुल मिनाहा दिने निर्णय गर्दा थानीकै पहलमा महसुल उठाउने निर्णय भएको प्राधिकरण अधिकारी बताउँछन् । तर, त्यो महसुल घिसिङ दोस्रो पटक कार्यकारी निर्देशक भएर आउँदासम्म उठेको छैन । फरक-फरक राजनीतिक पार्टीप्रति झुकाव राख्ने भए पनि सञ्चालकहरू थानी, भक्तबहादुर पुन, चेतराज जोशी, विश्वप्रकाश गौतमको एउटै मत हुन्थ्यो । जोशी भने कार्यकाल पूरा गरी अहिले जिम्मेवारीबाट बाहिरिइसकेका छन् । प्राधिकरणमा थानीले प्रतिपक्षको भूमिका निर्वाह गरेकै कारण कतिपय विवादित विषयमा निर्णय लिन सञ्चालक

बाँकी ६ पृष्ठमा

# प्रकाश सपुतको नयाँ गीत विवादमा, माओवादी नेताहरूको कडा चेतावनी

जनयुद्धमा सपना विभिन्न सपना बाँडेको र शसस्त्र विद्रोह को सुरुवात गरेको तत्कालीन नेकपा(माओवादीले आन्दोलनलाई २०५२ फागुन १ गते नेपाली राजतन्त्रलाई समाप्त र




जनगणतन्त्र स्थापना गर्ने उद्देश्यका साथ यसको सुरुवात गरेको थियो । विसं २०६३ साल मङ्सिर ५ गते तात्कालिक प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहालले विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गरेसँग यस युद्ध समाप्त भएको थियो । यसरी हेर्दा यो द्वन्द्वलाई मृत्युदण्ड, नरसंहार, अपहरण र अन्य युद्ध सम्बन्धित अपराध र मानवता विरुद्धका कार्यहरूले प्रतिनिधित्व गरेको छ । उक्त विद्रोहको परिणामस्वरूप नागरिक, विद्रोही, सेना र प्रहरी लगायतका १७,००० भन्दा बढी व्यक्तिहरूको मृत्यु भएको थियो र अधिकांश रूपमा हजारौं ग्रामीण भूभागका मानिसहरूको आन्तरिक विस्थापन भएको थियो ।

बेपत्ता पारिएका मानिसहरूका लागि बेपत्ता छानबिन र सत्य निरूपणका लागि दुई छुट्टाछुट्टै आयोग बनेका थिए । सत्य निरूपण तथा मेलमिलाप आयोगमा यस सम्बन्धित ६४,००० उजुरीहरू दर्ता भएका थिए जस मध्ये झन्डै ४,००० को मात्रै प्रारम्भिक अनुसन्धानको काम सम्पन्न भएको बताइएको छ । बेपत्ता आयोग अन्तर्गत परेका ३,००० भन्दा बढी उजुरीहरूमा


बाँकी ६ पृष्ठमा

# जनता महँगीको मारमाः खाद्य पदार्थमा मूल्य वृद्धि अत्याधिक

काठमाडौं । प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारले महंगी नियन्त्रणमा चुक्दा उपभोक्ताहरु अचाक्ली महंगो मूल्यमा सेवा तथा वस्तु खरिद गर्न बाध्य भएका छन् । नेपाल राष्ट्र बैंकले प्रकाशित गरेको माघ महिनासम्मको तथ्यांक अनुसार उपभोक्ता मुद्रास्फिती ५.९७ प्रतिशत छ । जबकी अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फिती २.७० प्रतिशत मात्रै थियो । जसमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फिती ६ प्रतिशत र गैरखाद्य तथा सेवा समूहको मुद्रास्फिती ५.९६ प्रतिशत थियो । खाने तेलको मूल्य बढ्न थालेको करिब १ वर्ष पुग्न लाग्यो । पछिल्लो ९ महिनामा मात्रै खाने तेलमा प्रतिलिटर २५० रुपैयाँदेखि ४०० रुपैयाँले बढेको छ । खाने तेलको मात्रै होइन भान्छामा हरेक दिन प्रयोग हुने दुध, अण्डा, मासु, चामल, दालको मूल्य छोइनसक्नु गरी महंगिएको छ । जसले गर्दा उपभोक्ताको भान्छाको बजेट बढेको छ । पछिल्लो ६ महिनादेखि लगातार बढिरहेको उपभोग्य वस्तुको मूल्यवृद्धि रोक्न सरकारले केही काम पनि गरेको छैन । पछिल्लो दुई सातायता बढेको मूल्यवृद्धिलाई रुस र युक्रेनबीचको युद्धलाई कारक मानिएको छ । पहिलेदेखि नै बढिरहेको मूल्यवृद्धिमा रुस-युक्रेनको युद्धले थप मूल्यवृद्धि बढाएको भने पक्कै हो । पेट्रोलियम पदार्थमा अचाक्ली मूल्यवृद्धि हुँदाको असर सबै वस्तु तथा सामानमा परेको हो । उपभोग्य वस्तु मात्रै होइन निर्माण सामग्रीको मूल्य पनि बढेको छ । एक साताअघिसम्म प्रतिकेजी १ सयदेखि १०७ रुपैयाँसम्म पाइने डण्डीको मूल्य बढेर अलिहे १२५ रुपैयाँसम्म पुगेको छ । यता सुनको मूल्यले पनि नयाँ रेकर्ड कायम गरेको छ । गत साता सुनको मूल्य प्रतितोला १ लाख ३ हजार ५०० रुपैयाँसम्म पुग्यो । रुस संसारको तेस्रो ठूलो कच्चा तेल उत्पादक देश तथा कृषि उत्पादनमा दुबै देशको योगदान ठूलो भएको अवस्थामा यी दुई देशसँगको व्यापारमा कठीनाइ आएसँगै मूल्यवृद्धिमा असर परेको हो । यी दुई देशबीचको युद्धका कारण खाद्यान्नसँगै लत्ताकपडा, सवारी साधनको समेत मूल्य बढेको छ ।

त्यसैगरी पेट्रोलियम पर्दाथको मूल्य बढ्दा तरकारी फलफूल दुधलगायतका दैनिक उपभोग्य

बाँकी ६ पृष्ठमा



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

# महँगी नियन्त्रणमा ध्यान पुगोस्

युक्रेन र रुसको युद्धले पारेको असर नेपालमा पनि आइपुगिसकेको छ । पेट्रोलियम पदार्थको मुल्य बढेसँगै नेपालका अधिकाँस उपभोग्य सामानहरुको मुल्य अस्वभाविक ढंगगवाट बढेका छन् । महँगी बढ्नु नेपालमा नियती जस्तै बन्दै आएको छ । कुनै केही वाहनामा ठुला स्केलका ब्यापारीहरुले कार्टेलिङग गरेर तल तल सम्म सर्वसाधरणलाई प्रत्यक्ष असर पार्ने गरी विगतमा पनि त्यस्तै हुने गरेको थियो । अहिले पनि त्यस्तै भएको छ ।

हुनत यतिवेला विश्वब्यापी रुपमा शक्तिशाली रहेको रुस र विश्व शक्तिशाली राष्ट्र अमेरिकाकै योजनामा सञ्चालन भईरहेको युक्रेन बीचको द्वान्द्धले विश्व प्रभावित भएको छ । यो वेलामा नेपाल मात्रै अछुतो रहन सक्दैन । तर जनसंख्या ३ करोड पनि नभएको र सानो मुलुक भएको नेपालले गहिरो सोच राखेर सम्बन्धित निकायले आफ्ना नागरिकहरुलाई सुविधा दिन अपनाउनु पर्ने सबै खालका तरिकाहरु अवलम्बन गरेर सेवा दिन मेहेनत गर्ने हो भने अहिले देखिएको जस्तो अत्यास लाग्दो महगी बजारमा हुदैनथ्यो ।

ति कमजोरीहरुलाई सुधार गरेर अनाआश्यक त्यस्ता कार्टेलिङ गर्ने काला ब्यापारीहरुलाई नियन्त्रण लिएर कारवाही गर्न ढिलो गर्नु हुदैन । बजारमा कुनै उपभोग्य सामान किन्न गयो भने एउटै सामानको फरक फरक मुल्य हुने गरेको छ । बजार मुल्य एकरुपता छैन । एकरुपता नभएता पनि सर्वसाधरणले कुन चिज कति पर्छ भन्ने गरी प्रष्ट देखिनेगरी काही पनि मुल्य सुची राखेको देखिदैन । कतै कतै मुल्य सुची राखेर पारदर्शी देखाउका ब्यापारीहरुले राखेको मुल्यमा पनि महगी त बढेकै छ । यसरी अस्वभाविक मुल्य बृद्धि हुदै गएको छ ।

ति तल तल आएर वितरण हुने सामानहरु मुल्य बृद्धि हुनुको कारण माथि माथि वाट समान आयात गरेर बेच्ने गरेका ट्रेडर्सहरुले नै बढाएका कारण त्यसको असर तल देखिएको हो । यस्ता प्रत्यक्ष असर पार्ने गरी बजारमा हरेका सामानहरुको मुल्य बृद्धिले नेपाली नागरिकहरुमा तनाव बढाएको छ । यसको न्युनिकरण र बैकल्पिक उपाय अपनाएर नागरिकहरुलाई शान्त र भयरहित अवस्थामा फर्काउन सम्बन्धित निकायले तुरुन्तै आवश्यक कदम चाल्न ढिलो गर्नु हुदैन ।

# राजनीतिक नियुक्तिको परम्परा

शङ्करप्रसाद भण्डारी

मुलुकमा कैयौँ पटक राजनीतिक परिवर्तन भए । राजनीतिक आन्दोलनबाट व्यवस्था परिवर्तन भए तर नेपालको कर्मचारीतन्त्रको शैली र राजनीतिक नियुक्ति प्रक्रियामा परिवर्तन भएन । दलहरूले आफ्ना कार्यकर्ता भर्ना गर्ने उद्देश्य राखेर राजनीतिक नियुक्ति गर्ने अभ्यास गरे । राजदूत, अख्तियारमा प्रमुख आयुक्त, आयुक्त, विश्व विद्यालयमा पदाधिकारी, न्यायाधीश होस् या संवैधानिक आयोग र संस्थानमा सबै ठाउँमा दलहरूले राजनीतिक नियुक्ति गरेर गलत परम्पराको सुरुवात गरे । यस्तो प्रक्रियाको अन्त्य गरी क्षमता, योग्यता र मुलुक निर्माणको दृष्टिकोण भएको, कुनै दलमा आबद्ध नभएको इमानदार, क्षमतावान् व्यक्तिलाई निष्पक्ष भएर नियुक्ति गर्ने प्रणाली अवलम्बन गर्नुपर्छ । फेरि पनि राजनीतिक दलको झोला बोकेको कार्यकर्ता भएकै आधारमा नियुक्ति हुने हो भने हालको न्यायालयको अवस्था हेरे पुगिहाल्छ । अन्य राजनीतिक नियुक्ति भएर गएका ठाउँको अवस्था के छ ? यसलाई दृष्टिगत गरेर नियुक्ति प्रक्रिया अवलम्बन गर्न जरुरी छ ।

न्यायालयप्रति जनविश्वास गुम्दै गइरहेको छ । दिन प्रतिदिन न्यायालयका विकृति, विसङ्गति छताछुल्ल भइरहेका छन् । कमिसन, घुस, भनसुनले न्यायालयमा प्रभाव पारिरहेको छ । राजनीतिक दलका नेतालाई विभिन्न प्रलोभनमा पारी नियुक्ति हुने परम्परा हावी छ । पार्टीकै भएर वकालत गरिरहेकाहरू कोटाका आधारमा न्यायाधीश भएका हुन्छन् । यसरी न्यायाधीश भएका व्यक्ति स्वतन्त्र तरिकाले निर्णय गर्नेभन्दा पनि विभिन्न प्रलोभनका आधारमै निर्णय गर्न बाध्य हुन्छन् । न्यायाधीशले आफूलाई सिफारिस गर्ने पार्टीको दबाब अथवा नेताको दबाबलाई अस्वीकार गर्न सक्दैनन् । यस्तो अवस्थामा नागरिकले न्यायालयप्रति कसरी विश्वास गर्छन् ? दलले नियुक्ति गरेका न्यायाधीश प्रधानन्यायाधीश हुने लाइनमा छन् । ती प्रधानन्यायाधीश हुने लाइनमा भएका व्यक्ति कुनै न कुनै पार्टीका केन्द्रीय विभाग वा जिम्मेवारीमा बसेका र मुख्य नेतालाई रिझाएर आएका पात्र नै छन् । तसर्थ न्यायालयलाई कसरी न्यायको मूर्ति मान्ने ? कुनै पनि ठाउँमा न्याय नपाए अदालतमा गएपछि न्याय पाइन्छ भन्ने आमविश्वास र मान्यता आज हराएर गएको छ ।

राजदूत भनेको दुई देशबीचको कूटनीतिक सम्बन्धलाई एकापसमा बलियो पार्ने एक प्रकारको दूत हो । राजदूतले दुई देशबीचको ऐतिहासिक सम्बन्ध कस्तो थियो ? वर्तमान अवस्थामा कसरी अगाडि बढिरहेको छ ? आगामी दिनमा सम्बन्ध कसरी मजबुत बनाउने भन्नेबारेमा गहिरो अध्ययन गर्न जरुरी छ । कूटनीतिमा दखल राख्न सक्ने, जुन देशको राजदूत भएर जान खोजेको हो, त्यो देशको राजनीतिक, आर्थिक, सामाजिक, भाषालगायत केही सामान्य विषयको जानकारी भएको, अङ्ग्रेजीमा दोहोरो कुराकानी गर्नसक्ने र आफ्नो देशका बारेमा कुनै आँच नपुऱ्याउने सक्षम, क्षमतावान्, बौद्धिक व्यक्तित्वलाई राजदूतमा सिफारिस गर्नुपर्छ ।

हाम्रो देशमा राजदूत नियुक्ति गर्दा पहुँचका आधारमा नेतालाई विभिन्न प्रलोभनमा पार्न सक्ने, कूटनीतिक ज्ञान नभएको, अङ्ग्रेजी पनि बुझ्न नसक्ने, सम्बन्धित देशका बारेमा केही जानकारी नभएको व्यक्तिलाई बनाउने प्रचलन छ । त्यसले अन्तर्राष्ट्रिय जगत्मा मुलुकको छवि कस्तो होला ? तसर्थ यस्तो प्रवृत्ति हटाई राजदूत नियुक्तिमा जुनसुकै सरकार आए पनि एउटै प्रकारको साझा मापदण्ड बनाएर नियुक्ति गर्ने नीति बनाउनुपर्छ । एउटा सरकार परिवर्तन हुनेबित्तिकै सम्पूर्ण देशका राजदूत फिर्ता बोलाउनु त्यति उचित हैन । राजदूत भनेको देशकै प्रतिनिधि हो । पटकपटक सरकार परिवर्तन हुँदा राजदूत पनि परिवर्तन गर्ने प्रवृत्तिको अन्त्य हुनुपर्छ । हाल राजदूत नियुक्ति गर्दा परराष्ट्र मन्त्रालयका केही कर्मचारी र पार्टीका केही नेता कार्यकर्तालाई नियुक्ति गर्ने काम गरिएको छ । यस्तो प्रवृत्तिको अन्त्य गरी नयाँ नीति बनाएर नियुक्ति गर्दा हाम्रो देश नेपालको छवि अन्तर्राष्ट्रिय रूपमा राम्रै होला ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग भ्रष्टाचार अन्त्य गरी सुशासनमा जोड दिनुपर्ने संवैधानिक संस्था हो । मन्त्री, प्रधानमन्त्रीलगायत जो कसैलाई पनि भ्रष्टाचार गरेको अभियोगमा छानबिन गरी अदालतमा मुद्दा दायर गर्न सक्ने हैसियत राख्छ आयोगले । यति ठूलो अधिकार भएको निकायमा राजनीतिक नियुक्ति गरिन्छ भने त्यसबाट भ्रष्टाचार अन्त्य भई सुशासन स्थापित हुन्छ भनेर के अपेक्षा गर्ने ? करोडौं, अर्बौं, भ्रष्टाचार गरेका कैयौँ फाइल अख्तियारमा थन्किएका छन् । शक्तिशाली व्यक्तिको किन छानबिन हुँदैन ? आशीर्वादबाट अख्तियार प्रमुख र आयुक्त नियुक्ति गर्दा उसले आफूलाई नियुक्त गरेको दलका भ्रष्टाचारीलाई कसरी कारबाही गर्न सक्छ ? बरु उसलाई रिझाएर आफ्नो पदको सुरक्षालाई आफ्नो दायित्व सम्झन्छ । अनि कसरी हुन्छ भ्रष्टाचार नियन्त्रण ?

हरेक कार्यालयको भित्तामा लेखिएको हुन्छ 'घुस खाने र घुस दिने सबै अपराधी हुन्,''भ्रष्टाचारीको मुखमा कीरा परोस्'लगायतका यस्ता नारा सजिएका हुन्छन् । कार्यालय प्रमुख घुस नखाई काम गर्दैनन् । अख्तियारले कारबाही गरे पनि तल्लो तहका कर्मचारी या व्यक्तिलाई गरेको हुन्छ तर शक्तिशाली व्यक्तिलाई छुन सक्दैन । माथिल्लो तहबाट कारबाही नगरे कसरी भ्रष्टाचार अन्त्य भई सुशासन कायम हुन्छ ?नेपालको शैक्षिक प्रणालीमा आम युवाको प्रश्नचिह्न खडा भएको छ । विश्वविद्यालय शैक्षिक बेरोजगार उत्पन्न गर्ने कारखानामा रूपान्तरण भएका छन् । विश्वविद्यालय अस्तव्यस्त अवस्थामा छन् ।

विश्वविद्यालयबाट स्नातकोत्तर सकेका विद्यार्थी भौँतारिइरहेका छन् । यो किन र कसरी भइरहेको छ ? विश्वविद्यालयजस्तो प्राज्ञिक थलोमा राजनीतिक भागबण्डाका आधारमा नियुक्ति भइरहेका छन् । उपकुलपति, रजिस्ट्रार, रेक्टर, विभिन्न क्याम्पसका प्रमुख, विभागीय प्रमुखलगायतमा भागबण्डाका आधारमा नियुक्ति हुन्छन् । त्यति मात्र हैन, परीक्षाको नतिजा प्रकाशन गर्ने, परीक्षा नियन्त्रक कार्यालयमा सहपरीक्षा नियन्त्रक पनि राजनीतिक भागबण्डामा नै आधारित छन् । अनुसन्धान गरी नयाँ सिद्धान्त पत्ता लगाउने अनुसन्धान केन्द्रमा पनि राजनीतिक दबाबमै नियुक्ति हुने परम्पराले विश्वविद्यालयको दयनीय अवस्थाको सङ्केत गर्छ । वरिष्ठ प्राध्यापकलाई छोडेर कनिष्ठलाई राजनीतिक दलकै कार्यकर्ता भएको कारणले विभिन्न जिम्मेवारी दिइने परम्परा छ । यस्तो पद्धति अन्त्य नभई विश्वविद्यालय सुदृढ हुन सक्दैन ।

विभिन्न संवैधानिक आयोगमा पनि राजनीतिक भागबण्डाका आधारमा नियुक्ति गरिएका छन् । पछिल्लो समयमा त राजनीतिक भागबण्डा मात्र नभई प्रधानन्यायाधीशसमेत भागबण्डामा नियुक्ति भए । यसरी राजनीतिक भागबण्डामा नियुक्ति भएका संवैधानिक आयोगहरूले कसरी स्वच्छ, स्वतन्त्र भएर देश र जनताका पक्षमा काम गर्न सक्छन् ? संवैधानिक आयोगहरू पनि राजनीतिक पूर्वाग्रही तरिकाबाट चले भने आम नागरिकले कोप्रति विश्वास गर्ने ?

विभिन्न सरकारी संस्थान कतिपय धराशयी अवस्थामा समेत पुगेका छन्, कतिपय घाटामा गएका छन् । कतिपयको अवस्था नाजुक छ । नेपाल आयल निगम, नेपाल एयरलाइन्स, खाद्य संस्थानलगायतका कैयौँ ठूला संस्थान कहिल्यै पनि किन नाफामा हुँदैनन् ? विभिन्न संस्थानमा नियुक्ति गर्दा पनि संस्थानलाई राम्रोसँग बुझ्न नसकेको व्यक्तिलाई नियुक्ति गरिन्छ । त्यो व्यक्ति व्यक्तिगत स्वार्थ र दलीय स्वार्थमा डुबेर संस्थानलाई दोहन गर्न क्रियाशील हुन्छ । अनि संस्थानको अवस्था दिन प्रतिदिन दयनीय बन्दैन ? पार्टी कार्यकर्तालाई राजनीतिक नियुक्ति दिने विद्यमान परम्परा कायम राख्ने हो भने न्यायालय, विश्वविद्यालय, संवैधानिक आयोग, संस्थानलगायत अन्य निकायमा जनताको विश्वास गुम्दै जानेछ । राजनीतिक दलप्रति आम नागरिकको विश्वसनीयता पनि घट्नेछ ।

> संविधानको मर्म अनुसार निर्वाचन कानुनमा गरिएको सकारात्मक कानुनी प्रावधानका कारण २०७४ सालको स्थानीय तह निर्वाचनका ७५३ उपमेयर/उपप्रमुख पदमध्ये ७०० स्थानमा महिला निर्वाचित भएका थिए । प्रतिशतका हिसाबले यो संख्या कुल निर्वाचित स्थानको ९३ प्रतिशत होरु। यसको दुई किसिमले आलोचना भयो । एक थरीले भने- यसको केही फाइदा छैन, सबै महिला आखिर कठपुतली न बन्ने हुन्, उनीहरू परिवारका पुरुषबाट सञ्चालित हुन्छन्रु। अर्का थरीले भने- सबै उपाध्यक्ष र उपमेयर पदमा मात्र दलहरूले महिलालाई उम्मेदवार बनाउनेछन् र भयो पनि त्यस्तै । तर सँगसँगै महिला उम्मेदवारहरूप्रति काव्यात्मक न्याय के भयो भने संविधानको आठौं अनुसूचीले स्थानीय सरकारको न्यायिक समिति र आर्थिक समितिको जिम्मेवारी उपमेयर/उपप्रमुखलाई दिएको हुनाले ९३ प्रतिशत निर्वाचित महिलाले यो गहन जिम्मेवारी वहन गरे । महिलाले जान्दैनन्, सम्हाल्न सक्दैनन् भनेर आलोचना गर्नेहरूलाई मेरो जवाफ हुन्थ्यो, 'शताब्दिऔंदेखि मुख्य शासन प्रबन्धनमा स्थान नपाएको वर्गले एकैचोटि कसरी पुरुषले जस्तै नेतृत्व सम्हाल्छरु? एकदुई निर्वाचन कुर्नुस्, अनि हेर्नुहोला ।' हाम्रो संवैधानिक प्रावधान, सो अनुसारका ऐननियमद्वारा सहजीकरण र कतिपय अवस्थामा स्थानीय तहदेखि नै गरिएको अनिवार्य आरक्षण व्यवस्थाका कारण देश र समाजमा महिलाको राजनीतिक सशक्तीकरणको एउटा यस्तो मौन क्रान्ति भइरहेको छ जसको प्रभावको आकलन हामीले अहिले गर्न सकेका छैनौं ।

राजधानी दैनिक

# विद्यालयका बीस जनाविरुद्ध भ्रष्टाचार मुद्दा

काठमाडौँ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले तनहुँको एक विद्यालयका व्यवस्थापन समिति अध्यक्ष र प्रधानाध्यापकसहित २० जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ । तनहुँको शुक्लागण्डकी नगरपालिका(१६ स्थित हिमाली प्राथमिक विद्यालयका तत्कालीन अध्यक्षसहित २० जनामाथि सोमबार अख्तियारले विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको हो । सरकारी सार्वजनिक जग्गालाई घरसारको कागजात बनाई आफैँले घडेरी कायम गरी गैरकानुनी रूपमा भोगचलन गर्ने गराउनुका साथै बिक्री भएका जग्गामा पक्की घरसमेतका संरचना बनाउन लगाएर गैरकानुनी लाभ लिएको अख्तियारको आरोप छ ।

अख्तियारका प्रवक्ता श्यामप्रसाद भण्डारीका अनुसार विद्यालय व्यवस्थापन समितिको २०५१ साल वैशाख ११ गतेको बैठकले एक लाख ६९ हजार रुपियाँ लिई उक्त सार्वजनिक जग्गा भोगचलन गर्ने गराउने निर्णय गरेको थियो । अनुसन्धानका क्रममा उक्त प्रकरणमा तत्कालीन अध्यक्ष यामबहादुर बानियाँ, सदस्यसचिव (प्रधानाध्यापक) यामबहादुर ठकुरी, सदस्यहरू घनश्याम बानियाँ, हरिकुमारी महत, धुनबहादुर पुलामी, ज्ञानबहादुर बानियाँ र खडकबहादुर बानियाँको संलग्नताको पुष्टि भएको छ । मुद्दा दायर गरिएकामध्ये यामबहादुर बानियाँ, धुनबहादुर पुलामी, ज्ञानबहादुर बानियाँ र खडकबहादुर बानियाँको मृत्यु भइसकेको छ । घनश्याम बानियाँ, यमबहादुर ठकुरी र हरिकुमारी महतमाथि उक्त रुपियाँ बराबरको बिगो मागदाबीसहित हदैसम्मको सजाय मागदाबी दिएर मुद्दा दायर गरिएको अख्तियारले जनाएको छ ।

त्यसैगरी सन्तबहादुर सिँजालीमगर, तिलुदेवी बराल, डोलराज आचार्य, डिलबहादुर आले, विष्णुमाया थापा, विष्णुप्रसाद लम्साल, शरणबहादुर विक, बलराम बानियाँ, बुद्धिमाया विक, बाबुराम बानियाँ, लोकबहादुर माकिम, पूर्णबहादुर विक र धनबहादुर विकले एक लाख ६९ हजार ५१ रुपियाँ दिई सरकारी सार्वजनिक जग्गालाई भोगचलनसमेत गरेको अख्तियारको अनुसन्धानबाट खुलेको छ । लोकबहादुर माकिम, डोलराज आचार्य र धनबहादुर विकको मृत्यु भइसकेकाले तीनै जनाबाहेकका हकमा कैद सजायको माग गरिएको अख्तियारले जनाएको छ ।

त्यसैगरी अख्तियारले गोरखाको तत्कालीन हंशपुर गाविस र मुच्चोक गाविस(३ र ५ मा कार्यरत सचिव दीपकबहादुर दर्जीसहित चार जनाउपर सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेको दाबीसहित आरोपपत्र दायर गरेको छ । सचिव दर्जीसहित तत्कालीन गाविसका अहेव चन्द्रकान्त सुवेदी, स्वास्थ्य सहायक सुरेश दवाडी र कार्यालय सहयोगी विशाल विकले सामाजिक सुरक्षा भत्ताबापतको रुपियाँ हिनामिना गरेको अख्तियारले दायर गरेको

बाँकी ६ पृष्ठमा

# समयपूर्व निर्वाचन बहस

**श्रीमन नारायण**

२०७४ सालको मङ्सिरमा भएको प्रतिनिधि सभाको निर्वाचन पश्चात् गठित सङ्घीय संसद् पाँचौं वर्षमा प्रवेश गरेको छ। पाँचौं वर्षको कुनै पनि महिनामा हुने निर्वाचनलाई स्वाभाविक नै मानिन्छ। यो मध्यावधि निर्वाचन हुँदैन। संसदीय राजनीतिका जानिफकारहरूको परिभाषामा यस्तो निर्वाचनलाई समयपूर्वको निर्वाचन वा अर्ली इलेक्सन भन्ने गरिन्छ। अस्तित्वमा रहेका प्रधानमन्त्रीले आफ्नो सुविधा, परिस्थिजन्य बाध्यता तथा राष्ट्रको आवश्यकता महसुस गरेर पनि यस्तो निर्वाचनको सिफारिस गर्न सक्छन्। सत्ताधारी गठबन्धनद्वारा कतिपयमा दल समयपूर्व निर्वाचनको आवश्यकता महसुस गरिरहेका छन् तर प्रधानमन्त्री शेरबहादुर देउवा भने यस्तो कुनै सङ्केत गर्नुभएको छैन। सत्ताधारी गठबन्धनभित्र सुमधुर सम्बन्ध तथा समन्वय कायम रहेको वर्तमान अवस्थामा यसको सम्भावना त देखिँदैन तर जसरी विगत केही महिनादेखि संसद्मा अवरोध भइरहेको छ र प्रमुख प्रतिपक्षी दल नेकपा एमाले, संसद्को सुचारु सञ्चालनमा सहयोग गर्ने मानसिकतामा देखिँदैन, यसले अवश्य पनि समयपूर्ण वा निर्वाचनको अवस्थामा राष्ट्रलाई धकेल्ने निश्चित छ। प्रधानमन्त्री देउवाको अनिच्छाका वावजुद पनि सङ्घीय संसद्को निर्वाचनको परिस्थिति सिर्जना हुन्छ भन्ने यसलाई बाध्यता नै मान्नुपर्ने छ।

प्रतिनिधि सभा विघटन गरेर मङ्सिरअघि नै सङ्घीय संसद्को निर्वाचन गर्ने विषयमा सत्ता गठबन्धनका नेताहरूबीच बहस पनि भइरहेको अवस्था छ तर समयपूर्व निर्वाचनको घोषणा एकातिर सर्वोच्च अदालतको फैसला प्रतिकूल हुने र अर्कोतिर प्रमुख प्रतिपक्षी नेकपा एमालेको पनि सहमति चाहिएकोले प्रधानमन्त्री यस विषयमा बढी उत्सुकता देखाउन चाहनुभएको छैन। यो सरकार संविधानको धारा ७६ (५) बमोजिम बनेकोले संसद्बाट विश्वासको मत लिन सकेन भन्ने जहिले पनि विघटन गरेर चुनावमा जान सक्छ।

प्रधानमन्त्री देउवालाई पटक पटक देशको प्रधानमन्त्री बन्ने सौभाग्य प्राप्त छ। जुन नेपालका अन्य कुनै पनि नेतालाई प्राप्त भएको छैन। नेपाली काँग्रेस संसदीय लोकतन्त्रमाथि विश्वास राख्ने देशको एक मात्र लोकतान्त्रिक पार्टी भएको नाताले पनि प्रधानमन्त्री देउवा संसद्को व्यापक सदुपयोग होस् भन्ने पक्षमा रहनुभएको छ।

**सरकारले वैशाख ३० गते स्थानीय तहको निर्वाचन गर्ने निर्णय सार्वजनिक गरिसकेको छ । सरकारको यस निर्णयले स्थानीय तहका जनता, समाजसेवी तथा सर्वसाधारणमा समेत एक किसिमको उत्साह सञ्चार गरेको छ । ब्यक्ति, ब्यक्तिलाई वैशाख ३० गतेको तिथि स्मरण भइसकेको छ । स्थानीय तहको निर्वाचन घोषित मितिमै हुनु आवश्यक छ । सम्भव भए तीनवटै तहको निर्वाचन पनि एकै साथ गर्न सकिन्छ । यसले गर्दा निर्वाचन खर्चमा धेरै कटौती हुनेछ । राज्य, राजनीतिक दल र उम्मेदवारले समेत थेग्न नसक्ने गरी महँगो हुँदै गएको निर्वाचन प्रणालीमा सुधार ल्याउन तिनै तहको निर्वाचन एकै साथ गर्ने बाटो अपनाउनुपर्ने दिशामा हाम्रो ध्यान जानुपर्छ ।**

सर्वोच्च प्रतिनिधि सभाको पूर्ण कार्यकालमा जोड दिँदै संविधानले निर्धारण गरेको प्रक्रिया बाहिरबाट गरिएका दुई पटकको विघटनको निर्णयलाई बदर गरिदिएको थियो। सर्वोच्चले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले गरेको विघटन बदर गरेर प्रतिनिधि सभा पुनर्स्थापना गरिदिएको थियो। ओली सरकारले विघटनको निर्णय गर्दा कार्यकाल पूरा गर्न नदिए अस्थिरता निम्तिने भन्दै विपक्षी गठबन्धनका दलहरूले ओली सरकारको आलोचना गरेका थिए तर त्यतिबेला गरिएको त्यो सिफारिस संविधानको प्रावधान विपरीत तथा बदनियतपूर्वक देखिएको थियो। संसद्मा वैकल्पिक सरकारको गठन हुन सक्ने सम्भावना थियो। संसद्को आयु पनि बचेकै थियो। तसर्थ मध्यावधि चुनावको विपक्षमा सत्ताधारी दलकै कतिपय वरिष्ठ नेताहरू उभिएका थिए र सर्वोच्च अदालतमा समेत पुगेका थिए। अहिले त्यस्तो परिस्थिति छैन प्रतिनिधि सभाको आयु पनि खासै लामो छैन, समयपूर्व निर्वाचन भए पनि यो बढीमा छ महिनाअघि मात्रै हुनेछ। संसद्को बैठक सुचारु ढङ्गले चल्न सकेन, जनताको हितसँग जोडिएका तथा राष्ट्रिय हितका महत्वपूर्ण विधेयकहरू पनि संसद्बाट पारित हुन सकेन भने नाम मात्रको संसद् अस्तित्वमा हुनुको के अर्थ देखिँदैन। पूर्वप्रधानमन्त्री डा.बाबुराम भट्टराईले जनताको सर्वोच्च प्रतिनिधि सभामा यसरी बन्द गर्नु उपयुक्त होइन। यो गैरजिम्मेवारीपन भयो मलाई हिनता र लज्जाबोध हुन्छ, हामी आउँछौं, हस्ताक्षर गर्छौं, भत्ता बुझ्छौं, हिँड्छौं तर काम केही गर्दैनौं, बिना कामको ज्याला लिनु राम्रो होइन, यो बेठीक भइरहेको छ भन्ने कुरा पटक पटक उठाउँदै आउनुभएको छ।

गठनबन्धन दलका नेताहरू पुष्पकमल दाहाल माधवकुमार नेपालले स्थानीय तहको निर्वाचन तिथि तोक्नुअघि नै प्रतिनिधि सभा निर्वाचन पहिलो गराउन जोड बल गर्दै आउनुभएको छ। अहिले गठबन्धन दलका केही नेताले तोकिएकै मितिमा स्थानीय तहको निर्वाचन गर्ने गरी प्रतिनिधि सभाको निर्वाचन अघि सार्न सकिने तर्क पनि गर्दै आएका छन्।

नेता नेपालले प्रतिनिधि सभा भङ्ग गरेर निर्वाचनमा जानुपर्ने धारणा सार्वजनिक रूपमा नै व्यक्त गरिसक्नुभएको छ। उहाँले तीनै तहका निर्वाचन एकैसाथ प्याकेजमै पनि गर्न सकिने सुझाव दिनुभएको छ। उहाँको चिन्ता पनि डा.बाबुराम भट्टराईसँग मिल्दोजुल्दो छ। एमालेले संसद् चल्न नदिने, भत्ता भने खाइरहने, हामीलाई पनि हैरान पारिरहने हो भन्ने संसद् भङ्ग गरेर तिनै तहको निर्वाचनमा जाऔँ भन्ने छ। काँग्रेसको दोस्रो पुस्ताका कतिपय नेताको धारणा पनि अर्ली इलेक्सनको पक्षमा रहेको देखिन्छ।

दुई पटक प्रतिनिधि सभा विघटन गरेर पनि निर्वाचन गराउन असफल भएको नेकपा एमालेले समयपूर्व निर्वाचनको विरोधमा उभिनु स्वाभाविकै हो। सत्ताधारी गठबन्धनको प्रत्येक पाइलाको विपरीत हिँड्नलाई उसले आफ्नो कर्तव्य तथा धर्म ठानिरहेको छ। जनतामा जाने कुरामा समस्या नभए पनि स्थानीय निर्वाचन सार्नका निम्ति गठबन्धन दलले यस्ता कुरा बाहिर ल्याएको हुन सक्ने एमालेको आरोप छ।

सरकारले वैशाख ३० गते स्थानीय तहको निर्वाचन गर्ने निर्णय सार्वजनिक गरिसकेको छ। सरकारको यस निर्णयले स्थानीय तहका जनता, समाजसेवी तथा सर्वसाधारणमा समेत एक किसिमको उत्साह सञ्चार गरेको छ। व्यक्ति, व्यक्तिलाई वैशाख ३० गतेको तिथि स्मरण भइसकेको छ। स्थानीय तहको निर्वाचन घोषित मितिमै हुनु आवश्यक छ। सम्भव भए तीनवटै तहको निर्वाचन पनि एकै साथ गर्न सकिन्छ। यसले गर्दा निर्वाचन खर्चमा धेरै कटौती हुनेछ। राज्य, राजनीतिक दल र उम्मेदवारले समेत थेग्न नसक्ने गरी महँगो हुँदै गएको निर्वाचन प्रणालीमा सुधार ल्याउन तिनै तहको निर्वाचन एकै साथ गर्ने बाटो अपनाउनुपर्ने दिशामा हाम्रो ध्यान जानुपर्छ तर विद्यमान प्रणाली र संरचनाबाट एकै साथ निर्वाचन गर्न आयोगले सक्दैन। संरचनात्मक सुधारबाट अघि बढ्न सक्दा आर्थिक रूपमा राजनीतिक दल, चन्दादाता र राष्ट्रकै लागि पनि राम्रो हुन्छ। हुन त देशका कतिपय राजनीतिक दल पनि एकैसाथ निर्वाचन हुनुपर्ने चाहना व्यक्त गरिरहेका छन् तर यसको पछाडि आर्थिक मितव्ययितता र प्रणाली बलियो बनाउने चिन्ताभन्दा पनि राजनीतिक दलको चुनावी अवस्थालाई कसरी बलियो बनाउन सकिन्छ भने हिसाब किताबले केन्द्रित देखिन्छ। सङ्घीय र प्रादेशिक तहको निर्वाचनमा दुई वा दुईभन्दा बढी राजनीतिक दलहरूबीच गठबन्धन सम्भव हुन सक्छ तर स्थानीय तहमा यो सम्भव छैन किनभने स्थानीय स्तरमा गठबन्धन हुने वित्तिकै केन्द्रले गरेको निर्णय स्थानीय तहले नमान्ने अवस्था आउन सक्छ र कार्यकर्ताहरूले दल परिवर्तन गरी नयाँ दलबाट अथवा स्वतन्त्र उम्मेदवारको रूपमा नामाङ्कन गर्न सक्छन्।

अभ्यास, परम्परा र संवैधानिक रूपमा भने पनि कार्यकाल पाँच वर्षमा प्रवेश गरेपछि निर्वाचन गर्न नमिल्ने होइन, यो प्रतिनिधि सभाले पाँचौं वर्षमा टेकिसकेको छ। प्रमुख प्रतिपक्षी दल नेकपा एमालेको पूर्वसहमति र समर्थन बिना प्रतिनिधि सभाको विघटन र नयाँ निर्वाचनको मिति तोक्ने काम सम्भवत प्रधानमन्त्रीबाट हुन सक्ने छैन किनभने हाम्रो देशको राजनीतिमा विश्वासको चरम सङ्कट छ। एउटै राजनीतिक दलभित्र पनि मतैक्य र सहमति कायम हुन नसकिरहेको अवस्थामा गठबन्धनमा सामेल दल र प्रतिपक्षीबाट सहमति र समर्थनको अपेक्षा राख्नु सहज हुन सक्दैन। संसद्को सुचारु सञ्चालन नभए वा देशको आर्थिक र राजनीतिक क्षेत्र पनि प्रभावित भइरहेको अवस्था छ। यस्तो अवस्थामा प्रतिनिधि सभा विघटन र नयाँ निर्वाचनको सिफारिस देशको आवश्यकता तर सरकारको निम्ति बाध्यताको उपज नै ठहरिने छ। यथास्थितिबाट नै सबै समस्याको समाधान हुन सक्दैन तसर्थ समयपूर्व निर्वाचनलाई गलत मान्न सकिँदैन। गोरखापत्र

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को
अति आवश्यक जानकारी


एल.पी. ग्यॉस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्यॉसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु :




१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्यॉसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।

ग्यॉस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :

१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्यॉस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्यॉस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्यॉस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्यॉस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्यॉस विक्रेता अथवा ग्यॉस उद्योगमा सम्पर्क गरौ ।

"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"
उपभोक्ता जनहितका लागि जारी

नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१-४२६३४८५, ४२६३४८१

# रामेछाप डायरी

## रामेछाप नगरपालिकामा अन्तक्रिया कार्यक्रम सम्पन्न

रामेछाप। रामेछाप नगरपालिकाको आयोजनामा र वातावरण संक्षण परियोजनाको सहकार्यमा सामाजिक न्याय र लैगिङक समानता: दिगो विकासको सुनिश्चितता भन्ने मुल नाराका साथ ११२ औ महिला श्रमिक दिवश २०७८ अर्न्तक्रिया गरी सम्पन्न भएको छ। उक्त कार्यक्रममा जनप्रतिनिधि महिला विभिन्न राजनीतिक दलका अगुवा महिलाहरु, विभिन्न संघ,संस्थामा आवद्ध रहेका महिलाहरु लगायतको उपस्थितिमा कार्यक्रम भएको नगारपालिकाले जानकारी दिएको छ। अन्तराष्ट्रिय महिला दिवशको पृष्ठभुमि नेपालको संविधान, २०७२ घरेलु हिंसा कसुर र सजाय ऐन २०६६ लगायतका कानुनहरुले महिलाका सवालमा गरेका हक अधिकारका विषयमा नगारपालिकाका कानुनी सल्लाकार लोकहरि दाहालद्धारा कार्यपत्र प्रस्तु गरिएको थियो। सो कार्यपत्र पस्तुती पश्चात कार्यक्रममा सहभागी महिलाहरु छलफलमा सक्रीय सहभागी भई आफ्ना गुनासा, समस्या, सवाल तथा सघर्षका बिषयमा छलफल गरिएको थियो।

महिलाहरुले बिभिन्न समुह, समिति तथा संस्थमा रही कार्यगर्दा भोग्नुपरेका समस्या, महिलाहरुप्रति हेर्ने दृष्टिकोण, सामाजिक तथा सास्कृतिक रुपमा चल्दै आएका प्रथा एवम् परम्परा, पृति सत्तात्मक सोच,स्थानीय स्रोत साधनको पहुच र नियन्त्रणमा महिलाहरुको सहभागिता न्युन रहेको जस्ता सवालहरुमा छलफल भएको थियो। नजिकिदै गरेको आगामी निर्वाचनमा महिलाहरुको अर्थपुर्ण राजनीतिक सहभागिताका लागि आफुहरु लागिपर्ने प्रतिबद्धता केही सहभागीहरुले जनाएका थिए। संघियता लागु भएसँगै लक्षित वर्ग र समुदायको नाममा निश्चित प्रतिशतमा विजियोजित हुने बजेट हाल बिनियोजन नहुदा लक्षित वर्ग र समुदायका कार्यक्रमहरु ओझेलमा पर्दै गरेको भनि अनुभवि महिला प्रतिनिधिले आफ्नो धारणा राखेका थिए। उक्त कार्यक्रममा महिला समुहहरुद्धारा उनीजन्य सीपमुलक सामग्रीको समेत प्रर्दशन गरिएको थियो। त्यहा उपस्थित महिलाहरुमा उत्साहको उजागर हुनुको साथै सीपको सृर्जनाले आत्मनिर्भर हुन सिकाउने प्रष्टै देखिन्थ्यो। विकास भन्ने वित्तिक्कै भौतिक पुर्वाधार विकास मात्र हो भन्ने अधिकाँशको मानसपटलमा गुन्जिरहदा सामाजिक तथा सास्कृतिक विकास, आर्थिक विकास वातावरणीय विकास र मानवीय विकास ओझेलमा परेका तितो यर्थाथ हामी माझमा प्रष्ट रहेको छ। तत्काल परिणाम नदेखिनाले पनि यस्ता रचनात्मक कार्यक्रमहरु ओझेलमा पर्ने गरेको विज्ञहरुको विश्लेषण रहदै आएको छ। उक्त विश्लेषकहरुको विश्लेषणलाई आधार मानेर रामेछाप नगारपालिकाले यस्तै रचनात्मक कार्यक्रमहरु वेला वेलामा आयोजना गर्ने गरेको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामचन्द्र लामगाधेले वताएका छन्।

यस्ता रचनात्मक तथा संचेतनामुलक कार्यक्रमले महिलाहरुमा जागरुक्ता ल्याउने र आत्मनिर्भर, प्रतिस्पर्धात्मक रुपमा प्रतिस्पर्धा गर्दै समाज विकासमा समेत महिलाको उपस्थिति रहोस् भन्ने उदेश्यले यस्ता कार्यक्रमको आयोजना गर्दै आएको प्रमुख प्रशासकीयले भनाई राखेका थिए।

## मोक्तान बने जसपाको केन्द्रिय सचिवालय सदस्य

जनता समाजवादी पार्टी नेपालको संघिय परिषद केन्द्रीय सदस्य एवम सचिवलय सदस्यमा रामेछापका रोज बहादुर मोक्तान मनोनीत हुनुभएको छ। शुक्रबार बसेको केन्द्रिय कमिटी बैठकको निर्णयले मोक्तानलाई मनोनीत गरेको हो।

रामेछापको खाँडादेवी गाउँपालिका टिमु घर भएका मोक्तान बिगत लामो समयदेखि नै पार्टीमा निरन्तर लागि परिरहेको नेता हुनुहुन्छ।

## एकीकृत समाजवादी दोरम्बा शैलुङ गाउँ कमिटी गठन

रामेछाप। नेकपा एकीकृत समाजवादीले दोरम्बा शैलुङ गाउँ कमिटी गठन गरेको छ। सम्पन्न भेलाले ओम विक्रम तामाङको अध्यक्षमा पदाधिकारी र सदस्यहरु चयन गरेको हो। एकीकृत समाजवादीका जिल्ला इन्चार्ज देवशकंर पौडेल, सहइन्चार्ज होम बुझाथोकी, केन्द्रीय सदस्य झम्क कँडेल लगायतका नेताहरुको सभागीतमा सहभागी भेलाले सर्वसम्मत रुपमा कमिटी चयन गरेको छ।

उपाध्यक्षद्धयमा कार्साङ लामा, र बासु कँडेल, सचिवमा सुरोज मोक्तान तामाङ, सहसचिवमा प्रेम बहादुर थापा, सदस्यहरुमा तिलक कुमार तामाङ,रविन लामा, राम सुन्दर घिसिङ,विर्वल मोक्तान, भिष्म थापा मगर, खुपेन्द्र ढुङ्गेल, प्रसन्न विश्वकर्मा,इसान विश्वकर्मा, विपिन महते, ह्याङल्याङ थामी, फूलमाला तामाङ, भोजराज थापा मगर,जित कुमारी खड्का, दुर्गा घिसिङ तामाङ, विकास गोले लगायत रहेका छन्।

## रामेछाप कांग्रेसको घर घर जाऔ एक महिने अभियानमा

आगामी वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनलाई केन्द्रीत गरेर नेपाली कांग्रेस रामेछापले एक महिने घर-घर जाऔ अभियान सुरु गरेको छ। अभियानको केन्द्रीय प्रतिनिधि एवं नेपाली कांग्रेसका केन्द्रीय सदस्य कुन्दनराज काफ्लेले सदरमुकाम मन्थलीमा आयोजित एक कार्यक्रमकोबीच उदघाटन गरेका हुन्। कार्यक्रम उदघाटन गर्नुअघि कांग्रेसले मन्थलीमा र्याली समेत निकालेको थियो। अभियानको सुरुवात गर्दै नेता काफ्लेले आगामी स्थानीय तहको निर्वाचनमा पार्टीलाई पहिलो बनाउने प्रतिबद्धतासहित अभियानमा जुटन कार्यकर्तालाई निर्देशन दिए।

कार्यक्रममा कांग्रेस रामेछापका उपसभापति लेखबहादुर कार्की, सचिव दिपक खड्का, निवर्तमान कांग्रेसका जिल्ला सभापति लवश्री न्यौपाने लगायतका नेता कार्यकर्ताको सहभागीता रहेको थियो।

काग्रेसले यसअघि रामेछापको आठ वटै स्थानीय तहको अभियान संयोजक समेत तोकिसकेको छ। निर्माण व्यवसायी महासंघको निर्वाचन भएको कारण पार्टीका सभापति पूर्णबहादुर तामाङ कान्छाराम भने अभियान शुभारम्भ कार्यक्रममा सहभागी थिएनन।

# सेञ्चुरी बैंकको ११ औं वार्षिकोत्सव सम्पन्न

काठमाडौ । सेञ्चुरी कमर्सियल बैंक लिमिटेडले आफ्नो ११ औं वार्षिकोत्सव विभिन्न कार्यक्रम गरी सम्पन्न गरको छ । एघारौ वार्षिकोत्सवको अवसरमा बैंकको केन्द्रीय कार्यालय पुतली सडकमा आयोजित वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै बैंकका अध्यक्ष राजेश कुमार श्रेष्ठले ११ वर्ष अघि सरल बैंकिङ्ग सबैंका लागि भन्ने नाराका साथ स्थापना भएको सेञ्चुरी बैंकले पूँजी, व्यवसाय वृद्धि, शाखा सञ्जाल विस्तार एवं रोजगारी सिर्जना लगायत सबै हिसावमा ठूलो उपलब्धि हाशिल गरेको र मजबुद बैंक बनेको उल्लेख गर्दै बैंक आगामी दिनमा ग्राहकवर्गलाई अझ प्रभावकारी छिटोछरितो एवं गुणस्तरिय सेवा प्रदान गर्ने बताउनु भएको छ । एघार वर्ष अघि स्थापित बैंकको चुक्तापूँजी २ अर्बबाट ९ अर्ब ५५ करोड, निक्षेप परिचालन १ अर्ब ३५ करोडबाट ९२ अर्ब ५७ करोड, ऋण प्रवाह १ अर्ब १८ करोडबाट ८८ अर्ब ५९ करोडभन्दा बढी पुगेको तथा ४४ जना कर्मचारीबाट एघार सयभन्दा बढी कर्मचारी संख्या पुगेको र अर्थतन्त्रमा

CENTURY BANK सेञ्चुरी बैंक

महत्वर्पूण योगदान दिन सक्षम भएको कार्यक्रममा बताउनुभयो । बैंकको व्यवसाय वृद्धिसँगै संस्थागत सुशासन कायम राखी बैंकलाई शेयरधनी, कर्मचारी, नियमनकारी निकाय लगायत सबै सरोकार वालाहरुको रोजाइको बैंक बनाउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । उक्त अवसरकमा बैंकका कायम मुकायम प्रमुख कार्यकारी अधिकृत मनोज न्यौपानेले शुभकामना मन्तव्य राख्नु भएको थियो । उहाँले संस्था स्थापनाकाल र यस बैंकलाई यहाँसम्म ल्याउन अतुलनिय योगदान गर्नु भएका सबैलाई हार्दिक सम्मान व्यक्त गर्दै आगामी दिनमा बैंकलाई अझ बढी सुदृढ र सबल बनाउँदै थप शाखा सञ्जाल विस्तार गर्ने, आगामी दिनमा डिजिटलाइजेसनलाई जोड दिने, वित्तीय सचेतना अभिवृद्धि एवं उद्यमशिलता विकास गरी सामाजिक आर्थिक उत्थान एवं व्यवसाय वृद्धि गर्दै जाने बताउनु भयो । सो कार्यक्रममा दशवर्षदेखि निरन्तर सेवा प्रदान गरी बैंकको समग्र विकासमा पुऱ्याएको योगदानको उच्च मूल्यांकन गर्दै बैंकका ४८ जना कर्मचारीहरुलाई कदरपत्र सहित सम्मान गरिएको थियो । वार्षिकोत्सवको अवसरमा बैंकको संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगत बैंकका अध्यक्षराजेश कुमार श्रेष्ठ Lumbini Eye Institute का व्यवस्थापन समितिका अध्यक्ष सागर प्रताप राणालाई आँखा उपचारमा प्रयोग हुने उपकरण Anterior Vitrectomy Machine खरिदको लागिरु. ४,०२,२८०/(र गोविन्द मेमोरियल एकाडेमी दिङ्ला भोजपुरमा विद्यार्थीहरुका लागि खानेपानी पाइप खरिदका निम्ति संस्थाका अध्यक्ष डा. सुरेश बस्नेतलाई रु. एक लाख सहयोग रकम हस्तान्तर गर्नु भयो ।

साथै बैंकले भोजपुर नगरपालिकामा आयोजित डा. भगवान कोइराला लगायत ५० जनाभन्दा बढी चिकित्सक संलग्न हुने स्वास्थ्य शिविर कार्यक्रमलाई रु. ५० हजार नेपाल रेडक्रस सोसाईटी कमलामाई सिन्धुलीलाई गरिव तथा विपन्नवर्गलाई स्वास्थ्य सेवामा सहयोग गर्न स्वास्थ्य सेवा कोष स्थापनाका लागि रु एक लाख सहयोग प्रदान गर्नुभएको छ । एघारौ वार्षिकोत्वका अवसरमा बैंकले देशभरका विभिन्न शाखाहरु मार्फत वित्तीय साक्षरता, शिक्षा क्षेत्रमा सहयोग, संचेतना अभिवृद्धि, स्वास्थ्य, रक्तदान, परोपकार, वातावरण संरक्षण, सरसफाइ, लगायतका विभिन्न कार्यक्रमहरु सम्पन्न गरेको छ । बैंकको वेलवारी, वुटवल, धरान, लामीडाँडा, बेलाटारी, चिचिला, गरुडा, जलेश्वर, गौशाला, जनकपुर, वद्रिवास, सिराहा, धुलिखेल, पनौती, साँगा, मनहरी, धार्के, टेकु, बुटवल, लेते मुस्ताङ, नेपालगञ्ज, वेलाटारी, धनगढी, सती लगायतका शाखाहरुले वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेका छन । बैंकको रंगेली शाखाले डेन्टल शिवीर, झुम्का शाखाले आँखा चेक जाँच शिविर संचालन गरेको छ । कटारी शाखाले स्थानीय राधा मन्दिर सरसफाइ, कमलामाई शाखाले कालीमाई मन्दिर, हलेशी शाखाले ऐतिहासिक हलेशी महादेव मन्दिर सरसफाइ, आठबीसकोट शाखाले नगरपालिकाको वार्ड नं ९ मा डष्टविन वितरण गरेको छ । त्यसैगरी विराटनगर, भैरहवा, परासी र कोहलपुर शाखाले रक्तदान कार्यक्रम सम्पन्न गरेका छन । विराटनगरमा ५१ जना, भैरहवामा ३६ जना, परासीमा २८ जना र कोहलपुरमा २६ जना भन्दाबढीले रक्तदान गरेको केन्द्रीय कार्यलयले जानकारी दिएको हो ।

# सिभिल बैंकको नयाँ एक्सटेन्सन काउन्टर रुम्जाटारमा

सिभिल बैंकले ओखलढुंगाको सिद्धिचरण नगरपालिका ४ रुम्जाटारस्थित यातायात व्यवस्था कार्यालयमा एक्सटेन्सन काउन्टर सञ्चालनमा ल्याएको छ । एक्सटेन्सन काउन्टरको पूर्व भौतिक पूर्वाधार विकास मन्त्री अम्बिरबाबु गुरुङले उद्घाटन गरे । अब त्यस क्षेत्रका सेवाग्राहीले यातायात व्यवस्था कार्यालयसँग सम्बन्धित सम्पूर्ण कर तथा दस्तुरहरूको भुक्तानी सिभिल बैंकको एक्सटेन्सन



काउन्टर मार्पत सजिलैसँग गर्न सक्ने छन् । बैंकले हालसम्म करिब सात लाख सर्वसाधारणलाई ११५ शाखा, ११ एक्सटेन्सन काउन्टर तथा ९७ एटीएममार्फत सम्पूर्ण बैंकिङ सेवा तथा सुविधाहरू प्रदान गर्दै आएको जनाएको छ । बैंकले हालसम्म करिब ८९अर्ब बढी निक्षेप परिचालन गरी ९० अर्व बढी कर्जा लगानी गरिसकेको जनाएको छ ।

# कामना सेवा विकास बैंकले शुरु गर्यो नेपाल पेमार्फत् क्यूआर सेवा

काठमाडौं । कामना सेवा विकास बैंकले नेशनल पेमेन्ट स्वीच अन्तर्गतको नेपाल पे क्यूआरमार्फत् सेवा शुरुवात गरेको छ । अब बैंकका ग्राहकले नेपाल पेको क्यूआर कोड स्क्यान गरी भुक्तानी गर्न सक्नेछन् । नेपाल पे क्यूआर नेपाल राष्ट्र बैंकले जारी गरेको र एनसीएचएलद्वारा सञ्चालित क्यूआर सेवा हो । जसले नेटवर्क र मर्चेन्ट स्तरमा स्वतन्त्र योजनामा काम गर्न र अन्तर सञ्चालनमा मद्दत गर्नेछ । कामना सेवा विकास बैंक यस स्वीचमा आवद्ध हुने पहिलो विकास बैंक बनेको छ ।

# ग्लोबल आइएमई बैंक र कामना सेवा विकास बैंक बीच सम्झौता

काठमाडौ । ग्लोबल आइएमई बैंक लिमिटेड र कामना सेवा विकास बैंक लिमिटेडबीच कामना सेवा विकास बैंकका ग्राहकहरुलाई आवश्यक पर्ने गैर




कोषमा आधारित बैकिङ सुविधा उपलब्ध गराउने सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भएको छ । उक्त समझदारी पत्रमा ग्लोबल आइएमई बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्य र कामना सेवा विकास बैंकका प्रमुख कार्यकारी अधिकृत प्रविण बस्नेतले हस्ताक्षर गर्नुभएको छ । सम्झौता अनुसार ग्लोबल आइएमई बैंकले कामना सेवा विकास बैंकका ग्राहकहरुलाई गैर कोषमा आधारित एलसी, बैंक ग्यारेण्टी, डकुमेन्ट अगेन्स्ट पेमेन्ट, डकुमेन्ट अगेन्स्ट अक्सेप्टेन्स, ट्रेड ट्रान्जेक्सन बैंकिङ्ग जस्ता सुविधाहरु उपलब्ध गराउने छ ।

# मुक्तिनाथ बैंकद्वारा कैलाश आश्रम धामलाई सहयोग

काठमाडौ । मुक्तिनाथ विकास बैंक लि.ले सामाजिक उत्तरदायित्व अर्न्तरगत विभिन्न संध संस्थाहरुलाई सहयोग गर्दै आएको छ । सोही योजना अनुसार बैंकले



कपिलवस्तु स्थित कैलाश आश्रम धामलाई आर्थिक सहयोग गरेको छ । बैंकले कैलाश आश्रम धामद्धारा संचालित मनकामना गुरुकुलमा भवन निर्माण कार्य सम्पन्न गर्नका लागि आर्थिक सहयोग गरेको हो । बैंकले कैलाश आश्रम धामलाई एक कार्यत्रम बीच चेक हस्तानतरण गरी उक्त सहयोग गरेको हो । कार्यक्रममा बैंकका तर्फबाट बुटवल क्षेत्रीय प्रमख राजेन्द्र घिमिरे, जीतपूर शाखाका प्रबन्दक लेखेन्द्र जि.सी. र अन्य कर्मचारीहरुको उपस्थिति तथा कैलाश आश्रम धामको तर्फबाट आधिकारिक सदस्यहरुको उपस्थिति रहेको थियो । उक्त सहयोगबाट गुरुकुलमा आउने भक्तजनहरु विश्राम तथा परोपकारी उद्देश्यले गरिने कार्यहरुलाई सहजताका साथ पूरा गर्न मद्दत पुग्ने धारणा बैंकका पदाधिकारीले ब्याक्तक गरेका थिए ।

# महालक्ष्मी विकास बैंकद्वारा विद्यालयलाई साइन्स ल्यावका सामग्री प्रदान

विगत २७ वर्षदेखि अनवरतरुपमा गुणस्तरिय वित्तीय सेवा प्रदान गर्दै आएको यस महालक्ष्मी विकास बैंक लिमिटेडले सामाजिक उत्तरदायित्व अन्तर्गत



विभिन्न संघ संस्थाहरुलाई सहयोग गर्दै आएको छ । सोही कार्यलाई निरन्तरता दिँदै यस बैंकको पोखरा, चिप्लेढुङ्गा शाखाले सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत पोखरा महानगरपालिका वडा नं.१९ हेम्जा अवस्थित श्री अम्विका माध्यमिक विद्यालयलाई साइन्स ल्यावका लागि आवश्यक सामाग्रीहरु प्रदान गरेको छ ।

यस सहयोगबाट विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको प्रयोगात्मक पढाइलाई थप प्रभावकारी बनाउने विश्वासका साथ उक्त प्रयोगशालाका सामग्रीहरु प्रदान गरिएको पोखरा, चिप्लेढुङ्गा शाखाका प्रवन्धक किरण घिमिरेले जानकारी गराए । एक विशेष कार्यक्रमबिच उक्त विज्ञान प्रयोगशालाका सामग्रीहरु विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष सुवास भण्डारीलाई हस्तान्तरण गरिएको हो । महालक्ष्मी विकास वैंकले यस्ता सामाजिक उत्तरदायीत्वका कार्यक्रमहरु नेपालभर छरिएर रहेका १०३ शाखाहरु मार्फत गर्दै आइरहेको र आगामी दिनहरुमा पनि यस्ता कार्यक्रमहरुलाई निरन्तरता दिइरहने जनाएको छ ।

साथै, बैंकले आफ्ना ग्राहकहरुलाई अधिकतम लाभ दिने उद्देश्यले महालक्ष्मी वचत वृद्धि खाता संचालनमा ल्याएको छ । वार्षिक व्याजदर ८.५५५ रहेको यस खाता न्युनतम मौज्दात रु ५१ मा नै खोल्न सकिने छ । यसमा रु ५ लाखसम्मको दुर्घटना बीमा, निःशुल्क मोवाइल बैंकिङ्ग , निःशुल्क एटिएम कार्ड, निःशुल्क डिम्याट खाता खोल्न सकिने बैंकले जनाएको छ ।

यस बैंकले प्रदेश नं १ मा ५, मधेश प्रदेशमा २ मा १५, बाग्मती प्रदेशमा ३७, गण्डकी प्रदेशमा ९, लुम्बिनी प्रदेशमा १८, कर्णाली प्रदेशमा २ र सुदुरपश्चिम प्रदेशमा १७ वटा गरी कुल १०३ वटा शाखाहरु मार्फत करिब ६ लाख ग्राहकहरुलाई उच्चस्तरिय वित्तिय सेवाहरु सरलिकृत तवरले प्रदान गर्दै आइरहेको छ ।

# अर्थ संसार

## एनआईसी एशिया बैंकका ग्राहकलाई सोल्टी होटलमा विशेष छुट

काठमाडौं । एनआईसी एशिया बैंकका ग्राहकले पाँच तारे होटल द सोल्टी काठमाडौं र नेपालगन्जस्थित सोल्टी वेस्टन प्रिमियममा छुट पाउने भएका छन्। ग्राहकहरुले १० प्रतिशतसम्म बैंकको डेबिट कार्ड वा क्युआर



बाट भुक्तानी गर्नुपर्ने जनाएको छ । बैंकको डेबिट कार्ड घोटेर वा क्युआरबाट भुक्तानी गर्दा कारोबार रकमको १० प्रतिशतसम्म छुट उपलब्ध हुने जनाईएको छ । यस सम्बन्धि सम्झौतापत्रमा बैंकको तर्फबाट चिफ स्ट्राटेजी अफिसर विशाल सिग्देल र कम्पनीका निर्देशक दिनेश बहादुर बिष्टले हस्ताक्षर गरेका छन् ।

पछिल्लोपटक डिजिटल कारोबारमा ग्राहकले बाक्लो उपस्थितीलाई मध्यनजर गर्दै बैंकले डिजिटल कारोबारमा आफ्ना ग्राहकलाई प्रोत्साहन गर्नका निमित्त उपरोक्त दुई होटलबाट विभिन्न सेवा लिई पीओएस तथा क्युआर बाट भुक्तानी गर्दा १० प्रतिशतको आकर्षक छुटको व्यवस्था गरेको हो । बैंकले आफ्ना मोबाइल बैंकिङ्ग तथा कार्ड (डेबिट/क्रेडिट) प्रयोगकर्ताहरूलाई देशभरका २३ सय वटा भन्दा बढी अस्पताल, होटल तथा रेष्टुरेन्ट, डिपार्टमेन्ट स्टोर लगायतमा खरिदको रकम भुक्तानी गर्दा कारोबार रकमको ३० प्रतिशतसम्म छुट दिने व्यवस्था गरी डिजिटल कारोबारलाई प्रोत्साहन गरिरहेको छ । बैंकले मुलुकभर रहेका ३५८ शाखा कार्यालयहरू, ४७३ एटिएम, ९४ वटा विस्तारित काउन्टर एवं ८१ वटा शाखा रहित बैंकिङ्गमार्फत् बैंकिङ्ग सेवा प्रदान गरिरहेको छ ।

## इसेवाबाट स्कुलको शुल्क भुक्तानी गर्दा विभिन्न अफर

भुक्तानी प्रणाली सेवा प्रदायक इसेवा मार्फत स्कुलको शुल्क भुक्तानी गर्दा विभिन्न अफर जित्न सकिने भएको छ। कम्पनीका अनुसार इसेवाबाट

eSewa MONEY TRANSFER | eSewa Stay Safe | Take Precaution
इसेवा साथैमा Remittance हातैमा




शैक्षिक शुल्क भुक्तानी गर्दा एक महिनाको निशुल्क इन्टरनेट प्राप्त गर्न सकिनेछ ।

यस्तै, मेरो स्कुलको ३ महिनाको निःशुल्क सब्क्रिब्सन गर्न सकिनेछ भने किड्स इन्साइडर म्यागेजिनको एक वर्षको निशुल्क सब्क्रिब्सन गर्न सकिनेछ । इसेवा मार्फत देशभरबा ४ हजार सय भन्दा स्कुलको शुल्क भुक्तानी गर्न सकिनेछ । हल इसेवामा प्रत्यक्ष रूपमा खाता खोल्नेको संख्या ५० लाख नाघेको छ । यसैगरी अप्रत्यक्ष रूपमा करिब एक करोड ५० लाख जनसंख्याले इसेवा मार्फत सेवा लिइरहेका छन् । हाल इसेवाका देशभर करिब १ लाख ४० हजार एजेन्ट (इसेवा जोन तथा पोइन्ट) रहेका छन् ।

हालसम्म इसेवाको मोबाईल एप्स् डाउनलोड गर्नेको संख्या पनि करिब ५० लाख पुगिसकेका छन् । इसेवामा हाल मर्चेन्टको संख्या २ लाख बढि रहेका छन् । इसेवाले नेपालका सुविधा सम्पन्न क्षेत्रदेखि विकट वस्तीहरुमा हुने आर्थिक कारोबारलाई डिजिटल माध्यम मार्फत धेरै सहजता ल्याएको छ ।

इसेवाबाट मोबाईल, टेलिफोन, इन्टरनेट, बिजुली तथा खानेपानीको महशुल भुक्तानी, रिचार्ज, हवाइजहाज, बसको टिकट, स्कुल कलेजको शुल्क लगायतका सेवाहरूको शुल्क भुक्तानी गर्न सकिन्छ । इसेवामा हाल ५१ वटा बैंक तथा वित्तीय संस्था सदस्य रहेका छन् । यी बैंकबाट इसेवामा सहजै रकम जम्मा गर्न तथा इसेवाबाट बैंक खातामा रकम पठाउन सकिन्छ ।

## काठमाडौं कुलेश्वरमा मेगा बैंकको २०४ औँ शाखा

मेगा बैंक नेपाल लिमिटेडले काठमाडौं कुलेश्वरमा नयाँ शाखा विस्तार गरेको छ । मेगा बैंकले बागमती प्रदेशको काठमाडौं जिल्लाको काठमाडौं महानगरपालिका वडा नम्बर १४ कुलेश्वरमा आइतबारदेखि नयाँ शाखा सञ्चालनमा ल्याएको हो । यो बैंकको २०४ औँ शाखा हो । मेगा बैंकले यसै आर्थिक वर्षमा १७ वटा नयाँ शाखा विस्तार गरिसकेको छ ।

# महँगीमा पेट्रोलियम सकस

**जुनारबाबु बस्नेत**

भर्खरै मात्र नेपाल राष्ट्र बैङ्कले चालू आर्थिक वर्षको सात महिनाको मुलुकको आर्थिक अवस्थाबारे विवरण सार्वजनिक गरेको छ। रुसले युक्रेनमाथि गरेको आक्रमणपछि उत्पन्न विश्व अर्थतन्त्रको प्रभाव यो सात महिनाको तथ्याङ्कले समेट्दैन। दुई साताअघि रुस-युक्रेन युद्धको असर नेपाली भान्छा र उपभोक्तासम्म आइपुगेको छ। त्यसअघि सात महिनाको तथ्याङ्कले नै नेपाली अर्थतन्त्रको तस्बिरलाई गम्भीर बनाउँछ। सरकारले केही कदम चाल्नैपर्ने अवस्था देखाउँछ। त्यसो त प्रधानमन्त्री शेरबहादुर देउवा मुलुकको अर्थतन्त्रप्रति चिन्तित रहनुभएको पछिल्लो सक्रियताले देखाएको छ। सरोकार निकायका अधिकारीसित उहाँले संवाद अगाडि बढाउनुभएको छ। अर्थ मन्त्रालयले क्रियाशीलता देखाइरहे पनि सुधारका दिशामा अपेक्षित नतिजा भने आउन सकेको देखिएको छैन।

केन्द्रीय बैङ्कका अनुसार चालू आर्थिक वर्षको सात महिनामा महँगी बढेको छ। गत आर्थिक वर्षको सात महिनामा मुद्रास्फीति दर दुई दशमलव सात प्रतिशत थियो। गत माघ महिनामा यस्तो मुद्रास्फीति पाँच दशमलव ९७ प्रतिशत देखाइएको छ। मुद्रास्फीतिले अर्थतन्त्रमा महँगीको तस्बिर देखाउँछ। औसतमा छ प्रतिशतभन्दा कम महँगी बढेको देखिए पनि माघ महिनामा खाद्य तथा पेय पदार्थ समूहअन्तर्गत घिउ तथा तेलमा अति धेरै महँगी बढेको छ। यो समूहमा २०.६८ प्रतिशत मूल्य बढेको छ। त्यसैगरी तरकारीमा १४.७ प्रतिशत महँगी बढेको छ। त्यस्तै दाल तथा गेडागुडीमा नौ दशमलव ३६ प्रतिशत मूल्य बढेको छ। उपभोक्ताको भान्सामा चाहिने वस्तुको महँगी बढेपछि उपभोक्ता दैनिक रूपमा मारमा परेका छन्। यताको दिनमा खाने तेलको मूल्य वृद्धिले झनै समस्यामा पारेको छ।

यो सात महिनाको तथ्याङ्कले यातायात, शिक्षा र फर्निसिङ तथा घरायसी सामग्रीसमेत महँगा भएका छन्। यातायात क्षेत्रमा १५.८७ ले मूल्य बढेको छ। खासगरी पेट्रोलियमका अन्तर्राष्ट्रिय बजार भाउले यातायात क्षेत्रमा प्रत्यक्ष प्रभाव पार्छ भन्ने अन्य क्षेत्रमा अप्रत्यक्ष प्रभाव रहन्छ। माघ महिनाअघि अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य प्रतिब्यारेल ९० डलरको हाराहारीमा रहेको थियो। त्यतिखेर नै यातायात क्षेत्रमा मूल्य बढाउनुपर्ने अवस्था आयो। छ सात महिनाअघि प्रतिब्यारेल कच्चा तेलको मूल्य ६४ अमेरिकी डलरको हाराहारी मात्र थियो भने अहिले दोब्बर पुग्ने दिशामा छ।

सन् २०१९ को अन्त्यतिर चीनको वुहानमा देखिएको कोरोना अर्थात् कोभिड १९ केही महिनामै फैलिन थालेपछि त्यसको अर्थतन्त्रमा व्यापक प्रभाव पर्‍यो। सबैभन्दा बढी त यातायात र उद्योग क्षेत्रमा पर्‍यो। बन्दाबन्दीको असर विश्वभर पर्‍यो। यात्रा प्रतिबन्ध लागे र पेट्रोलियमको खपत व्यापक रूपमा घटेर गयो। प्रतिब्यारेल कच्चा तेलको मूल्य ३७ अमेरिकी डलरसम्म झर्‍यो। फलस्वरूप तेल उत्पादक राष्ट्रले तेल उत्पादनमा व्यापक रूपमा कटौती गरे। ठूलो समस्या र सङ्कट विश्व अर्थतन्त्रमा देखियो। समाधान नहुने समस्यालाई अध्येताहरूले समस्या नै मान्दैनन्। कोरोनाले प्रभाव पारेदेखि नै त्यसविरुद्ध खोपको प्रयास सुरु भयो। विश्व स्वास्थ्य सङ्गठन (डब्लूएचओ)ले त्यसमा प्रोत्साहन गर्‍यो। गत वर्ष आरम्भ हुँदा कोभिड १९ विरुद्ध खोप प्रचलन बढ्न थालेको थियो। नेपालमा समेत गत वर्षको माघ महिनामा खोप आइपुग्यो।

वर्तमान सरकार बनेपछि गत साउनयता खोपको नेपालमा प्रसार व्यापक भएको हामीलाई जानकारीमै छ। खोपको सकारात्मक प्रभाव विश्व अर्थतन्त्रमा पर्‍यो। नेपालमा समेत यो सात आठ महिनामा कोरोना प्रभाव अति न्यून हुँदै गएको छ। अर्थतन्त्र चलायमान त भएको छ तर उत्पादन बढ्न नसक्दा महँगीको मार परेको छ।

खोपको प्रसारसँगै विश्व अर्थतन्त्रमा आएको चलायमान अवस्थाले पेट्रोलियमको माग बढ्दै गयो। तेल उत्पादनमा कटौती गरेका मुलुकहरूले मागअनुरूप उत्पादन बढाएनन्। फलस्वरूप पेट्रोलियमको भाउ बढ्दै गयो। त्यसको असर भारत हुँदै नेपाल नआउने कुरा भएन। छ सात महिनायता प्रतिलिटर पेट्रोल तथा डिजेलमा ३० देखि ४० रुपियाँको फरक परिसकेको छ। माघ महिनासम्म महँगीमा आएको प्रभावका धेरै कारणमध्ये मूल कारण पेट्रोलियम पदार्थ नै हो। चालू आर्थिक वर्षको सात महिनामा सबैतिर मूल्य बढेको छ। त्यसमा पनि यातायातले बढी प्रभाव रहेको तथ्याङ्क राष्ट्र बैङ्कले देखाएको छ। सो बैङ्कका अनुसार माघमा काठमाडौं उपत्यकामा पाँच दशमलव ४७ प्रतिशत मूल्य वृद्धि भएको छ भने तराईमा छ दशमलव पाँच प्रतिशतले मूल्य बढेको छ। पहाडमा पाँच दशमलव ३२ प्रतिशतले मूल्य बढेको छ। यसैगरी हिमाली क्षेत्रमा पाँच दशमलव ९७ प्रतिशतले मात्र मूल्य बढेको छ। चालू आर्थिक वर्षको माघमा बढेको यो मूल्यवृद्धि अघिल्लो आर्थिक वर्षको सात महिनाभन्दा धेरै बढी देखिन्छ। गत आर्थिक वर्षको माघसम्ममा काठमाडौं उपत्यकामा दुई दशमलव १२, तराईमा दुई दशमलव ७८, पहाडमा तीन दशमलव तीन र हिमाली क्षेत्रमा दुई दशमलव पाँच प्रतिशतले मात्र मूल्य वृद्धि भएको थियो।

माघ महिनासम्म केन्द्रीय बैङ्कले गरेको अध्ययनले नै महँगी वृद्धि धेरै बढेको देखाउँछ। फागुन महिना लागेपछि अन्तर्राष्ट्रिय परिवेशमा ठूलो परिवर्तन आएको छ। रुसले युक्रेनमाथि दुई साताअघि गरेको आक्रमणसँगै अन्तर्राष्ट्रिय बजार प्रभावित भएको छ। कच्चा पेट्रोलियमको मूल्यमा व्यापक वृद्धि हुन थालेको छ। प्रतिब्यारेल कच्चा तेलको मूल्य एक सय अमेरिकी डलरभन्दा तल रहेकोमा यताका दिनमा प्रतिब्यारेल १३९ अमेरिकी डलरसम्म पुगेर उचारचढावमा छ। पेट्रोलियम उत्पादक मुलुकहरूले कोरोना कालमा गुमाएको मुनाफा यो अवधिमा असुल गर्ने राम्रो मौका पएका छन् भने बाँकी विश्वमा भने मूल्य वृद्धिको चाप उच्च पर्ने देखिएको छ। रोयटर्सको विश्लेषणअनुसार युद्धको समाधान चाँडै हुन सकेन भने विश्वले १० प्रतिशतसम्म मूल्य वृद्धिको सामना गर्नुपर्नेछ। नेपालमा पेट्रोलियमको भाउ निरन्तर बढिरहेको छ तर नेपाल आयल निगमले यो बढेको मूल्यमा समेत निरन्तर घाटा देखाइरहेको छ। निगमका अनुसार पेट्रोलियमको मूल्य प्रतिलिटर १५० रुपियाँ पुगे पनि १६ रुपियाँ १९ पैसा घाटा छ। पेट्रोल, डिलेजदेखि खाना पकाउने एलपी ग्यास सबैमा व्यापक घाटा छ। प्रतिब्यारेल ९० अमेरिकी डलर बराबरको कच्चा तेलको मूल्य हुँदाको यो मूल्य कायम रहेको छ। अन्तर्राष्ट्रिय बजारमा बढेको मूल्य कायम भएपछि कति मूल्य वृद्धि हुने हो ? छिमेकी भारतमै प्रतिलिटर पेट्रोलको मूल्य १९२ रुपियाँसम्म पुग्ने आकलन भएको दी इकोनोमिक टाइम्सले उल्लेख गरेको छ। अहिले पनि नेपालमा भन्दा भारतमा पेट्रोलियमको भाउ महँगो छ। सीमा नाकामा चोरी निकासीको ठूलो समस्या देखिएकै छ र त्यसको मार हाम्रो बजारमा परेको छ।

पेट्रोलियमको भाउ वृद्धिसँगै विश्व अर्थतन्त्रमा लगानीमा प्रतिकूल प्रभाव परेको छ। सेयरका भाउहरू घटेका छन्। सुनको मूल्य वृद्धि उच्च हुँदै गएको छ। अर्थतन्त्रमा लगानीमा प्रतिकूल प्रभाव परेपछि लगानीकर्ता अकैतिर मोडिन्छन्। अनुत्पादक क्षेत्रतिर लगानी केन्द्रित हुन थाल्छन्। यताको दुई सातामा प्रतिऔँस सुनको मूल्यमा एक सय डलरभन्दा बढी फरक परिसकेको छ। नेपाली बजारमा समेत प्रतितोला ९२ हजार रुपियाँ हाराहारीमा रहेको सुनको मूल्य अहिले एक लाख रुपियाँबाट उकालो लागेको छ र सो मूल्यमा पनि कारोबार बढिरहेकै छ।

बढ्दो महँगीलाई रोक्न देशभित्र उत्पादनलाई बढाउनुपर्छ। आयातलाई प्रतिस्थापन गर्दै निर्यातलाई प्रोत्साहन गर्नुपर्ने हुन्छ। चालू आर्थिक वर्षको सात महिनामा व्यापार घाटा नै बढेर १० खर्ब रुपियाँभन्दा बढी उकालो लागेको छ। यही अवधिमा विदेशी मुद्रा सञ्चयमा समस्या देखिएको छ भने विदेशी मुद्रा आपूर्ति भइरहेको क्षेत्र विप्रेषण आयसमेत घटेको छ। सबैभन्दा कठिन कुरा त यो सात महिनामा पुँजीगत खर्च ६० अर्ब हाराहारीभन्दा माथि जान सकेको छैन। पुँजीगत बजेट चाँडो खर्च गर्दा त्यसबाट लगानी प्रवर्द्धन हुन्छ। रोजगारी सिर्जना हुन्छ। काम पाएपछि आम्दानी हुन थाल्छ। महँगीसित लड्न सजिलो हुन्छ। आम सर्वसाधारणको दैनिक जीवन सहज हुन्छ। पुँजीगत खर्च बढाउँदा उत्पादन बढ्न गई बजेटले लिएको लक्ष्य सात प्रतिशतको आर्थिक वृद्धि हासिल हुन सहयोग पुग्छ।

माघ महिनाभन्दा फागुन महिना महँगीनिम्ति अझ कष्टकर बन्दै छ। पेट्रोलियममा मूल्यवृद्धि हुँदै छ, अब पनि पेट्रोलियमको मूल्यवृद्धिका खासै विकल्प देखिन सकेको छैन। आयआर्जन, उत्पादन र रोजगारी प्रवर्द्धन गरी मूल्यवृद्धिप्रति सामना गर्न सक्ने गरी पुँजीगत खर्च यो फागुन महिनामा समेत खासै प्रगति हुन सकेन। आर्थिक वर्षका लागि अब चार महिना मात्र बाँकी छ। यो बीचमा अब नयाँ बजेटको समेत तयारी सुरु भएको छ। नयाँ बजेटमा चालू आर्थिक वर्षको अर्थतन्त्रमा आएका समस्यालाई अझ बढी सम्बोधन गरी महँगीविरुद्ध खास रणनीति तयार गर्नु जरुरी छ। सँगसँगै महँगीमा पेट्रोलियमको सकसलाई न्यूनीकरण गर्न चाँडो ध्यानसमेत दिनु पर्नेछ। गोरखापत्र

> केन्द्रीय बैङ्कका अनुसार चालू आर्थिक वर्षको सात महिनामा महँगी बढेको छ। गत आर्थिक वर्षको सात महिनामा मुद्रास्फीति दर दुई दशमलव सात प्रतिशत थियो। गत माघ महिनामा यस्तो मुद्रास्फीति पाँच दशमलव ९७ प्रतिशत देखाइएको छ। मुद्रास्फीतिले अर्थतन्त्रमा महँगीको तस्बिर देखाउँछ। औसतमा छ प्रतिशतभन्दा कम महँगी बढेको देखिए पनि माघ महिनामा खाद्य तथा पेय पदार्थ समूह अन्तर्गत घिउ तथा तेलमा अति धेरै महँगी बढेको छ। यो समूहमा २०.६८ प्रतिशत मूल्य बढेको छ। त्यसैगरी तरकारीमा १४.७ प्रतिशत महँगी बढेको छ। त्यस्तै दाल तथा गेडागुडीमा नौ दशमलव ३६ प्रतिशत मूल्य बढेको छ। उपभोक्ताको भान्सामा चाहिने वस्तुको महँगी बढेपछि उपभोक्ता दैनिक रूपमा मारमा परेका छन्। यताको दिनमा खाने तेलको मूल्य वृद्धिले झनै समस्यामा पारेको छ। यो सात महिनाको तथ्याङ्कले यातायात, शिक्षा र फर्निसिङ तथा घरायसी सामग्रीसमेत महँगा भएका छन्। यातायात क्षेत्रमा १५.८७ ले मूल्य बढेको छ। खासगरी पेट्रोलियमका अन्तर्राष्ट्रिय बजार भाउले यातायात क्षेत्रमा प्रत्यक्ष प्रभाव पार्छ भन्ने अन्य क्षेत्रमा अप्रत्यक्ष प्रभाव रहन्छ। माघ महिनाअघि अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य प्रतिब्यारेल ९० डलरको हाराहारीमा रहेको थियो। त्यतिखेर नै यातायात क्षेत्रमा मूल्य बढाउनुपर्ने अवस्था आयो। छ सात महिनाअघि प्रतिब्यारेल कच्चा तेलको मूल्य ६४ अमेरिकी डलरको हाराहारी मात्र थियो भने अहिले दोब्बर पुग्ने दिशामा छ। सन् २०१९ को अन्त्यतिर चीनको वुहानमा देखिएको कोरोना अर्थात् कोभिड १९ केही महिनामै फैलिन थालेपछि त्यसको अर्थतन्त्रमा व्यापक प्रभाव पर्‍यो।

## ७१ लाख लागतमा ट्रस्ट पुल बन्ने जनबोली न्यूज नेटवर्क

काठमाडौं। शुक्लाफाँटा नगरपालिका( ७ स्थित टोटी नालमा रु ७१ लाख लागतमा ट्रस्ट पुल बनाउने प्रक्रिया अगाडि बढाइएको छ। पुल उपभोक्ता समितिमार्फत निर्माण गरिनेछ। त्यसमा सामाजिक तथा प्राविधिक सहयोग नेपाल राष्ट्रिय विकास समाज कञ्चनपुरको रहेको छ। पुल निर्माणका लागि नगरपालिकाको रु नौ लाख २४ हजार १२ (१३ प्रतिशत), समुदायको श्रमदान रु एक लाख ४२ हजार १५५ (२ प्रतिशत), दातृ संस्था स्वावको अनुदान रु ६० लाख ४१ हजार ६२३ (८५ प्रतिशत) रहेको छ। पुल निर्माणको कार्य असार मसान्तसम्म सम्पन्न हुने गरी निर्माण कार्य अगाडि बढाइएको वडाध्यक्ष जगतबहादुर सिंहले बताउनुभयो। पुल निर्माण भएपछि ४०० घरधुरीका पाँच हजार ५०० लाभान्वीत हुने छन। पुलको लम्बाइ ६४ मिटर रहेको छ।

मेलाको सुरक्षालाई सिसीटिभी जडान

शुक्लाफाँटा नगरपालिका(८ मणिकाधाम (मुडका) स्थित वैजनाथ मन्दिरमा आज लाग्ने मेलामा आवांच्छित क्रियाकलाप रोक्न ४८ ठाउँमा सिसीटिभी क्यामेरा जडान गरिएको छ। मेला क्षेत्रमा हुनसक्ने चोरी, आपराधिक क्रियाकलाप, दुर्घटना लगायत नियन्त्रण गर्न झलारी, फुलेली मणिकाधाम, बतासे झरना पर्यटकीय क्षेत्रमा सिसीटिभी क्यामेरा जडान गरिएको छ।

क्यामेराको कन्ट्रोल प्रहरीको निगरानीमा रहने गरी मेला क्षेत्रमै राखिएको छ। मेला अवधिभरि मणिका धाम क्षेत्रमा सिसीटिभी क्यामेराको निगरानी रहने वडाध्यक्ष बहादुर महराले बताउनुभयो। मेलाको सुरक्षाका लागि नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोलीसमेत गए रातिदेखि नै परिचालन गरिएको छ। मेला क्षेत्रलाई व्यवस्थित र मर्यादित बनाउनका लागि सवारी साधन पार्किङको छुट्टैरुपमा व्यवस्था गरिएको छ।

बिहानैदेखि मणिकाधाम क्षेत्रमा दशर्नार्थीको घुइँचो लागेको छ। मेला क्षेत्रमा वृद्धवृद्धा र महिलाका लागि मन्दिरमा दर्शन गर्नका लागि विशेष व्यवस्था मिलाइएको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष भरतबहादुर ऐरले बताउनुभयो। प्रतिवर्ष यहाँ मेला भर्नका लागि नेपाल भारतका दर्शनार्थीको घुइँचो लाग्ने गरेको छ। मणिका धामलाई यस क्षेत्रका स्थानीय बासिन्दाले मुडकाका नामले चिन्दछन्। धाम क्षेत्रमा सिद्धबाबाको प्राचीन मन्दिर र मन्दिर नजिकै ठूलो तलाउ रहेको छ। थारु भाषामा मुड भन्नाले शिरलाई बुझ्ने गरिएकाले सबैभन्दा अग्लो भाग भएकाले मुड शब्दको अप्रभंस भई मुडका भएको एकथरीको भनाइ रहेको छ।

पहाडबाट मौसमीरुपमा बसाई सारेर झर्ने व्यक्तिले ताल भएको क्षेत्र नजिकैको थुम्कोमा मन्दिर स्थापना गरी पूजा गर्दै आएपछि यो क्षेत्र अन्य समुदायका व्यक्तिका लागि पनि धार्मिक धरोहरका रुपमा विकसित हुँदै गएको छ। रासस

# खेलकुद

## देउरालीमा भएको खुल्ला पुरुष भलिबल प्रतियोगितामा रातमाटा मगर समाज प्रथम

रामेछापको रामेछाप नगरपालिका वडा नं २ देउराली लाम्टेमा भएको खुल्ला पुरुष भलिबल प्रतियोगितामा रातमाटा मगर समाज प्रथम भएको छ। प्रतियोगितामा लाम्टे मगर समाजले द्वितीय स्थान हासिल गर्दा रामपुरले भने तृतीय स्थानमा चित्त बुझाएको छ। नेपाल तरुण दल रामेछाप नगरपालिका वडा नं २ देउरालीले आयोजना गरेको उक्त प्रतियोगिता यहि फाल्गुन २७ गते सुरु भएर आज सकिएको हाम्रा स्थानीय संवाददाता नविन पुलामी मगरले जानकारी दिनुभयो। प्रतियोगितामा प्रथम हुने समुहले नगद ५० हजार,द्बितिय हुनेले नगद ३० हजार र तृतिय हुने समुहले नगद २० हजार रुपैयाँ पुरस्कार प्राप्त गरेका छुन।

## यू-१८ महिला साफ टोली भारत प्रस्थान

काठमाडौं। भारतको जमसेदपुरमा मार्च १५ देखि २५ तारिखसम्म आयोजना हुने यू-१८ महिला साफ महिला च्याम्पियनसिप फुटबलमा सहभागिता जनाउन नेपाली महिला टोली आइतबार भारत प्रस्थान गरेको छ। च्याम्पियनसिपमा



नेपाल, भारत र बङ्गलादेशले प्रतिस्पर्धा गर्दैछन्। डबल राउण्ड रोविन लिगका आधारमा खेलाइने च्याम्पियनसिपको उद्घाटन खेलमा नेपालले मार्च १५ तारिख आयोजक भारतसँग खेल्नेछ। दोस्रो खेलमा नेपालले मार्च १७ मा बङ्गलादेश, तेस्रो खेल मार्च २१ मा फेरि भारतसँग र चौथो खेल मार्च २३ मा बङ्गलादेशसँग खेल्नेछ। शीर्ष टोली च्याम्पियन बन्नेछ। च्याम्पियनसिपका लागि नेपाली टोलीका मुख्य प्रशिक्षक दर्शनभक्त राजलवटले बिहीबार नै २३ सदस्सीय खेलाडी टोलीको घोषणा गरिसक्नुभएको छ। नेपालले उपाधि जित्ने लक्ष्य राखेको टोलीका प्रशिक्षक दर्शनले दाबी गर्नुभएको छ। नेपाली टोली : सावित्री किशन, लीला जोशी, पूजा थापा, सबिना चौधरी, मञ्जुकुमारी खड्का, प्रतीक्षा चौधरी, कुमारी तामाङ, प्रिया बस्नेत, दिव्या यास्माली मगर, दीपा शाही, हिमा रावत, सरस्वती हमाल, प्रीति राई, शुनकला राई, अञ्जली मछामासी, सराह बज्राचार्य, जेनिफर राना, शरिश्मा थापा, सुदीपा भोलान, कुसुम खतिवडा, अमिशा कार्की, मनमाया दमाई र गरिमा राई।

## एनएसएल नियम विपरित : ‘ए’ डिभिजन क्लब

काठमाडौं। ‘ए’ डिभिजन क्लबहरुले शहिद स्मारक ‘ए’ डिभिजन लिग चलिरहेको अवस्थामा नेपाल सुपर लिग (एनएसएल) घोषणा गरिनु नियम विपरित भएको उल्लेख गरेका छन्। ‘ए’ डिभिजन क्लबक्लबहरु एनआरटी, मनाङ मर्स्याङदी क्लब, थ्रीस्टार क्लब र संकटा क्लबले आइतबार संयुक्त पत्रकार सम्मेलनगरी यस्तो धारणा राखेका हुन्। क्लबहरुले खेलाडीलाई अनुबन्ध गरिरहेको अवस्थामा फ्रेन्चाइज लिगको नाममा आफ्ना खेलाडीलाई अक्सनमा




राखेर अनुवन्ध गरिनु आपत्ति जनक भएको पनि बताएका छन्। अखिल नेपाल फुटबल संघ (एन्फा) ले क्लबहरुसँग छलफल नै नगरी एनएसएल आयोजन गर्न दिनु र खेलाडीलाई अक्सनमा राखिनु अर्को कमजोरी भएको पनि क्लबहरुको भनाई छ। उनीहरुले एन्फाको मंगरबार बस्ने बैठकमा क्लबको माग सम्बोधन नगरिए एन्फामा रहेको क्लबका निर्वाचित प्रतिनिधिलाई फिर्ता बोलाउने समेत बताएका छन्। यसअघि आठ क्लबले एनएसएलमा आफ्ना खेलाडीलाई क्लबको अनुमतिविना अनुबन्ध नगर्न नगराउन एन्फामार्फत माग गरेका थिए। तर एनएसएल आयोजकले क्लबहरुको कुरा नसुनी अक्सनबाट खेलाडी अनुबन्ध गरिसकेको छ। नेपाल स्पोर्ट्स एन्ड इभेन्ट म्यानेजेमेन्टको आयोजनामा चैत २६ देखि जेठ ७ गतेसम्म सञ्चालन हुने फ्रेन्चाईज फुटबल लिग (एनएसएल) मा विभिन्न १० शहरका १० टोलीको सहभागिता रहनेछ। प्रतियोगितका खेलहरु पोखरा र काठमाडौंमा खेलाईने बताईएको छ।

## एमबाप्पे र नेयमार चम्किएपछि पीएसजी विजयी

काठमाडौं, फाल्गुन ३० गते। स्टार खेलाडीद्वय केलियन एमबाप्पे र नेयमार चम्किएपछि फ्रेन्च लिग वानमा पेरिस सेन्ट जर्मेन (पीएसजी) ले रेलिगेसनमा रहेको बोर्डेअक्समाथि सानदार जित निकालेको छ। घरेलु मैदानमा आइतबार राति भएको खेलमा पीएसजीले बोर्डेअक्सलाई ३-० गोलले हरायो। पीएसजीको जितमा एमबाप्पे र नेयमारसँगै अर्को गोल लियान्ड्रो ड्यानियल पारेडेसले गर्नुभयो। एम्बाप्पेले २४औं, नेयमारले ५२औं र पारेडेसले ६१औं मिनेटमा गोल गर्नुभएको थियो। जितसँगै पीएसजीले शीर्षस्थानमा १५ अंकको अग्रता लिएको छ। पीएसजीको २८ खेलबाट ६५ अंक पुगेको छ। दोस्रो स्थानमा रहेको मार्सेली र तेस्रो स्थानमा रहेको निसको समान ५० अंक छ।

## स्थानीय......

आफ्नो मौलि क अधिकार प्रयोग गर्न ३३ वटा अधिकार जस्तै आन्तारिक स्रोत परिचालन देखि कानुन बनाएर लागु गर्नेसम्मका अधिकारहरु व्यवस्था गरेको छ ।

तर केही केही ठाउँमा अभ्यासको रुपमा आएको भएपनि त्यो उल्लेख गर्न लायक भएको तथ्यमा छैन ।

यस्तै गरी पुनः स्थानीय निर्वाचन हुने र पुरानै तरिकावाट देश सञ्चालन हुने हो भने स्थानीय सरकारको निर्वाचन जति गरेपनि जनताले प्रप्त गर्ने अधिकार विगतमा कागजको पन्नामा सिमित रहे जस्तै हुन्छ ।

त्यसकारण स्थानीय जनता पनि उत्तिक्कै चनाखो हुन जरुरी छ । यो गएको ५ बर्षे अवधि जस्तै बन्न नदिन देश र जनतामुखी योजना प्रष्ट राख्न सक्ने र कार्यन्वयन गर्न सक्ने आट भएको सक्षम, दक्ष, योग्य व्यात्तित्वहरुलाई स्थानीय निर्वाचनमा मत दिएर जिताउन सक्यो भने मात्र स्थानीय सरकारको लागि गरिएको राज्यको परिकल्पना पुरा हुन्छ । त्यो गर्नको लागि राजनीतिक पार्टीहरुले योग्य, सक्षम नेतृत्व छनौट गर्न चेकेको खण्डमा स्वतन्त्र व्यात्तिहरु लाई स्वय जनताले प्रतिनिधि उठाएर पनि समाज परिवर्तनको वाटो हिडाउन सक्ने सम्भावनालाई अगाडी बढाउनु पर्छ । विगत ५ बर्षमा वितेको जसरी सुस्त तरिकाले नेपालको विकास सम्भव छैन । सुतेको अर्थतन्त्रलाई उठाउन र परनिर्भरतामा चलेको नेपालको बाध्यतालाई आत्मनिर्भरमुखी बनाउन असल, सक्षम, योग्य, दक्ष व्यात्तिहरुलाई छानेर स्थानीय स्तरमा विकास गर्नु नेपालीहरुको प्रमुख दाइत्व हुनुपर्छ ।

## आयल.....

समितिलाई सजिलो भएको त्यतिबेलाका सञ्चालकहरू स्वीकार्छन् । नेपाली काँग्रेसमा सभापति देउवा निकट मानिने थानीले केही वर्ष एभरेष्ट इन्जिनियरिङ क्याम्पसको प्रिन्सिपलको जिम्मेवारी समेत सम्हालेका थिए । उनी त्यसअघि नेपाल इन्जिनियरिङ एसोसियसनको महासचिव तथा इन्जिनियरिङ काउन्सिलको रजिष्ट्रार थिए । साथै, केही समय सडक बोर्ड नेपालको सञ्चालक समेत रहेका थिए । थानी हाल काँग्रेस निकट इन्जिनियरिङ संस्था सेन्टर फर डेमोक्र्याटिक इन्जिनियर्स नेपाल (सिडेन) का अध्यक्षको जिम्मेवारीमा छन् ।

इन्जिनियरिङ अध्ययन संस्थान पुल्चोकबाट जलस्रोतमा स्नातकोत्तर उनले समाजशास्त्रमा समेत स्नातकोत्तर उपाधी हासिल गरेका छन् । यस्तै, एलएलबी गरेर कानुन व्यवसायीको अनुमतिपत्र समेत लिएका थानी सार्वजनिक संस्थानको नेतृत्व हाँक्ने सक्षम व्यक्तिको रूपमा पनि चिनिन्छन् ।

कार्यकारी निर्देशक छनोट समितिले सुर्खेत वीरेन्द्रनगरका थानीसहित गोरखाका चण्डिकाप्रसाद भट्ट र तेह्रथुमका जीवनप्रकाश सिटौलाको नाम कार्यकारी निर्देशक पदमा नियुक्तिका लागि सिफारिस गरेको थियो । तीमध्ये मन्त्रिपरिषद बैठकले थानीलाई नियुक्त गर्ने निर्णय गरेको मन्त्रिपरिषद स्रोतले बतायो । थानी यसअघि नेपाल विद्युत् प्राधिकरण सञ्चालक समिति सदस्य र इन्जिनियरिङ परिषद्का रजिस्ट्रार थिए । उनी नेपाली कांग्रेस निकट इन्जिनियरहरुको संगठन सिडेनका अध्यक्षसमेत हुन् ।

## प्रकाश.......

पनि छानबिन भइरहेको बताइएको छ । अनौपचारिक क्षेत्र सेवा केन्द्रका अनुसार, मृतकहरू मध्ये १,६६५ महिला हुन् । यसै सन्दर्भमा लोकप्रिय गायक प्रकाश सपुतले पछिल्लो समय माओवादी जनयुद्ध लक्षित गीतहरू तथा भिडियोहरू बजारमा ल्याउँदै आइरहेका छन् । कतिपयले उनको भिडियोलाई लिएर विवादित कमेन्ट समेत दिइरहेका छन् भने कतिपयले यसलाई वास्तविकताको प्रतिनिधित्व गरेको भिडियो जसले माओवादी द्वन्दको सपनालाई सांकेतिक रुपमा चित्रण गरेको रुपमा समेत बुझेका छन् । हुन त यश अघि पनि गायक प्रकाश सपुतका गीत विवादमा नतानिएका भने होइनन् । तर यसपटक पनि यति छोटो समयमै युबट्युबमा अत्याधिक भ्युज आउन सफल र धेरैले सकारा त्मक तथा आलोचनात्मक टिप्पणी समेत गरेका छन् । देश संसदीय व्यवस्थामा गएसँगै लुटपाटमा गयो, केवल २० जना मानिसहरूको हातमा आधा नेपालीहरूको सम्पत्ति छ । अझैसम्म नेपाली युवाहरूलाई विदेशीको तलुवा चाट्न पठाइन्छ ! एनसेलले खरबौं लुटिसक्यो, बम्बइबाट चेलीबेटीको चीत्कार उस्तै छ,भन्दै मैले बन्दुक उठाउनै पर्छ भन्छन् अर्का एक माओवादी विप्लव एकपटक फेरि ।

## युक्रेनी......

सामानको पनि मूल्य बढ्ने बढेको हो । कोरोना महामारीले गर्दा सप्लाई चेन नमिल्दा वृद्धि भएको मूल्यमा रुस र युक्रेनको युद्धले महंगी अझ बढेको हो ।

**पेट्रोलको मूल्य एक महिनामा ११ रुपैयाँले बढ्यो**

पेट्रोल, डिजललगायतका इन्धनमा पछिल्लो एक महिनामा एक लिटरमा ११ रुपैयाँले बढेको छ । इन्धनमा मूल्यवृद्धि हुँदा त्यसको असर अन्य सबै सेवा तथा वस्तुमा परेको छ । गत माघ ५ गतेसम्ममा १३९ रुपैयाँ कायम भएको पेट्रोलको मूल्य आज आइपुग्दा १५० रुपैयाँमा बिक्री वितरण भइरहेको छ । त्यसैगरी, गत माघमा १२२ रुपैयाँ मूल्य कायम भएको डिजेलको मूल्य अहिले १३३ पुगेको छ । साथै, ग्याँस १५ सय ७५ रुपैयाँ मूल्यमा बिक्री वितरण भइरहेको छ ।

**खाने तेलको मूल्य प्रतिलिटर ४०० रुपैयाँसम्म बढ्यो**

पछिल्लो ९ महिनाको तथ्यांक हेर्ने हो भने खाने तेलको मूल्य लिटरमा ४०० रुपैयाँसम्मले बढेको छ । पछिल्लो एक महिनामा मात्रै एक लिटरमा ३० रुपैयाँसम्मले बढेको छ ।

एक महिना अघिसम्म प्रतिलिटर २५० रुपैयाँ कायम भएको सनफ्लावर तेलको मूल्य अहिले २७५ देखि २८० रुपैयाँसम्म बिक्री गरेको छ । त्यसैगरी, भटमासको तेल एक महिना अघिसम्म प्रतिलिटर २४० रुपैयाँ कायम भएकोमा अहिले प्रतिलिटर २७० रुपैयाँ कायम गरेको छ भने एक महिनाअघिसम्म ३ सय रुपैयाँ कायम भएको तोरीको तेलको मूल्य प्रतिलिटर ३ सय ४० रुपैयाँ कायम भएको नेपाल खुद्रा व्यापार संघका महासचिव अमुलकाजी तुलाधारले बताए । उनकाअनुसार पछिल्लो एक महिनामा मात्रै नभएर हप्ता दिनमै उद्योगीहरूले मूल्य बढाएर बजारमा बिक्री गर्न थालेको छ ।

'एक हप्ताअघि प्रतिलिटर २६८ रुपैयाँ मूल्य पर्ने सनफ्लावरको मूल्य तोकेको सनफ्लावरको तेलमा अहिले प्रतिलिटर २७५ रुपैयाँ तोकेको छ,' उनले क्लिकमाण्डूसँग भने, 'उक्त मूल्यवृद्धिले व्यापार गर्नै मुस्किल भएको छ ।'

**चामल, दाल र गेडागुडीको मूल्य बढ्यो**

हाल पेट्रोलियम पदार्थको मूल्य बढेकाले व्यापारीहरूले ढुवानी खर्च बढेको भन्दै अधिकांश खाद्यान्नमा मूल्य बढाएका छन् । खुद्रा व्यवसायीहरूले केही नाफा राखेर बिक्री गर्ने भएकाले उद्योगीबाटै उच्चरुपमा मूल्यवृद्धि भएर आउँदा व्यापार गर्नै मुस्किल भएको उनीहरूको भनाइ छ । साथै, बजारमा कतिपय वस्तुको अभाव देखाएर मूल्यवृद्धि गरेको खुद्रा व्यवसायीहरूको दाबी छ । करिब एक महिनाको अन्तरालमा बजारमा पाइने २५ केजीको अधिकांश कम्पनीको जिरा मसिनोको चामलमा प्रतिबोरा १ सयदेखि १५० रुपैयाँसम्म मूल्यवृद्धि भएको तुलाधारको भनाइ छ । त्यसैगरी, दाल, चिनी, गेडागुडीलगायत अन्य वस्तुमा पनि प्रति केजी १० रुपैयाँदेखि १५ रुपैयाँसम्म बढाएको उनले बताए । दानाको मूल्य बढ्दा अण्डा र मासुको मूल्य बढ्यो बजारमा अधिकांश वस्तुको मूल्य बढ्दा दानाको मूल्य पनि बढेको छ । एक महिनाअघिसम्म प्रतिकेजी १ सय रुपैयाँमा पाउने भटमासको पिना अहिले ११५ रुपैयाँ र ३९ रुपैयाँ रहेको मकैको प्रतिकेजी ४७ रुपैयाँ पुगेको छ । दानामा भएको मूल्यवृद्धिका कारण कुखुराको मासु र अण्डाको मूल्य बढेको छ । कुखुराको अण्डा र कुखुराको मासु उत्पादनका लागि अति आवश्यक वस्तु दानाको मूल्य बढ्दा अण्डा र कुखुराको मासुको मूल्य अचाक्ली रुपमा बढेको छ । एक महिना अघिसम्म प्रतिक्रेट अण्डा ३९० रुपैयाँ रहेकोमा अहिले प्रतिक्रेट ४२० रुपैयाँ मूल्य कायम भएको छ । साथै, एक महिनाअघिसम्म ३६० रुपैयाँ प्रतिकेजी कुखुराको मासु अहिले ३९० रुपैयाँदेखि ४०० रुपैयाँ मूल्यमा बिक्री वितरण भएको छ ।

**दुध र दुग्धजन्य वस्तुको मूल्य बढ्यो**

सरकारले दुधको मूल्य बढाएसँगै दुधबाट बन्ने अन्य वस्तुको मूल्य पनि बढेको छ । सरकारले डीडीसीको सहकार्यमा दुधको मूल्य प्रतिलिटर ९ रुपैयाँ बढाएको थियो । त्यसपछि निजी क्षेत्रका व्यवसायीहरुले दुधको मूल्यमा थप १ रुपैयाँ बढाएर प्रतिलिटर १० रुपैयाँ बढाएका छन् । एक महिनाअघिसम्म प्रतिलिटर ७६ रुपैयाँ रहेको दुधको मूल्य अहिले ८६ रुपैयाँ पुगेको छ । दुधको मूल्य बढेसँगै फागुन १ गतेदेखि दुग्धजन्य दही, पनिर, बटर, चिज, घ्यू, खुवा, रसबरी, आइसक्रिम, मिठाईको पनि मूल्य बढेको छ ।

**डण्डीको प्रतिकेजी २० रुपैयाँसम्म बढ्यो**

पछिल्लो समय निर्माण कार्यले तीव्रता लिने समयमै डण्डीको मूल्य अत्यधिक बढेको छ । केही हप्ता अगाडिसम्म प्रतिकेजी अधिकतम १०७ रुपैयाँसम्म कायम भएको डण्डीको मूल्य अहिले प्रतिकेजी १२५ रुपैयाँसम्म पुगेको छ ।

**उपभोक्ता मारमा**

अधिकांश वस्तुमा मूल्यवृद्धि हुँदा पनि सरकार जिम्मेवार नभएको अधिकारकर्मीहरूको भनाइ छ । चुनावी माहोल नजिकिँदै गर्दा बजारमा मूल्यवृद्धि अत्यधिक छ । सरकारले नै मिलेमतोमा मूल्य बढाएको उपभोक्ता संरक्षण मञ्चका अध्यक्ष ज्योति बानियाँले आरोप लगाए । उनले चुनावका लागि उद्योगीसँग चन्दा माग्नु पर्ने भएकाले उद्योगीले मूल्यवृद्धि गराउँदा पनि सरकारले केही नगरेको उनको भनाइ छ । उपभोक्ता मञ्च नेपालका महासचिव शत्रुधनप्रसाद देवले सरकारले मूल्यवृद्धि अनुगमन गर्ने निकाय निकै कमजोर भएकाले उपभोक्ताले चर्को मूल्य तिर्न बाध्य भएको बताए । उनका अनुसार पछिल्लो समयमा रुस र युक्रेनबीच भएको द्वन्द्वको बाहाना बनाउँदै अत्यधिक मूल्य बढ्दासमेत अनुगमन हुन सकेको छैन । त्यसैले, सरकारले नै मूल्यवृद्धिमा प्रोत्साहन गरेको उनले भनाइइ छ ।

## सेलिब्रिटी.....

बाट काठमाडौं आउँछन् । उहाँ जहाँ जानुहुन्छ त्यहाँ दशौं हजार फ्यान उपस्थित हुन्छन् । त्यसो त चलचित्र अभिनेत्रीबाट साहित्य सृजनामा डेब्यू गरेकी मिसेज राधाको ग्लामर क्यास गर्न ठूला प्रकाशन गृहले उहाँको उपन्यास प्रकाशन गरेको आरोप पनि छ । प्रकाशनगृहहरू कृतिको हैन व्यक्तिको व्यापार गर्छन् भन्ने पनि नसुनिएको हैन । राधाजीको नामबाट मुनाफा आर्जन गर्न उहाँको उपन्यासलाई महत्व दिइयो भनेको समेत सुनें । यसो भन्नु उहाँप्रति अन्याय हुनेछ । मिसेज राधा वर्तमान समयको सबैभन्दा चर्चित लेखिका हुनुहुन्छ । उहाँद्वारा लिखित उपन्यास 'मधुमयी ओठ' यस वर्षको 'बेष्ट सेलर बुक' मा दर्ता भएको छ । आज फेसबुक, ट्वीटर, टिकटक, युट्युब, टेलिभिजन, रेडियो, सहरका भित्ताहरू जता हेर्नुस् मिसेज राधालाई भेट्नुहुनेछ । कतिपय स्थापित लेखक उहाँको सामु फिका भएका छन् । उहाँ टिन एजर युवाको मुटुको ढुकढुकी बन्नुभएको छ । अब म लामो भूमिका नबाँधी समकालीन नेपालकी जबर्जस्त लेखिका मिसेज राधालाई यो माइक हस्तान्तरण गर्छु', उनले भने ।

'ओके छ त !' दर्शक-दीर्घाबाट कसैले भन्यो ।

मिसेज राधा ड्यासमा पुगिन् । उनले उपस्थित सबैतिर एकसरो नजर दौडाइन् । मन्तव्यको सुरुमा राधाले आफ्नो उपन्यास 'मधुमयी ओठ' बाट एउटा कविता साभार गरिन् -

'तिम्रा ओठ मदिराको बोट रहेछन् प्यारे ।
म चमचमाउँदो सितारा, तिमी गड्गडाउँदो खहरे ।
गहुँ जस्तै गोरो तिम्रा छाला, स्याउझैं लाल मेरा गाला ।
म मधु तिमी चुस्की, आऊ यो अधरमा लगाइदेऊ ताला !' हलमा बेजोड ताली र सिठी बज्यो । सबैको मुखबाट 'वान्समोर !' निस्कियो । प्रथम प्रहरमै मिसेज राधाले श्रोतामाथि जादू-टुना लगाइन् । एकजना श्रोता भने आसनबाट जुरुक्क उठ्यो ।

'यो ब्लू पिक्चर हो कि कविता !' ऊ रन्कियो ।

'यो बैंसालु उमेरको स्वाभाविक विद्रोह हो', राधाले जवाफ फर्काइन् ।

त्यसपछि उनले रोकिएको मन्तव्य अघि बढाइन-

'तपाईंहरूको ताली र सिठी सुनेपछि उपन्यास 'मधुमयी ओठ' का बारेमा केही भन्न मनलाग्यो । मूलतः यो उपन्यास मेरो आफ्नै प्रेमकथामा आधारित छ । नायक विशाल र नायिका राधिका लामो समयदेखि 'लिभिङ्ग टुगेदर' मा हुन्छन् । विशाल र राधिकाबीचको प्रेम सम्बन्धप्रति पारिवारले जनाएको अस्वीकृति नै त्यसको मूल कारण हो ।

'.साहित्य सृजना शब्दको खेल रहेछ । प्रकाशनगृहले मैले खेलाएका शब्दपुञ्जलाई मन परायो । र पाठकहरूले उपन्यासको लोकप्रियता माथि लालमोहर लगाए । यसको मुख्य श्रेय पाठकलाई जान्छ । मैले त पाठकवृन्दसामु सानो सौगात पस्केकी मात्र थिएँ । मेरा ईश्वरहरूले त्यसलाई स्वादिष्ट व्यञ्जन मानेर ग्रहण गर्नुभयो । उपन्यास प्रकाशनपछि म फ्यानमाझ थप लोकप्रिय हुनपुगें । हेर्नुस् न, तपाईंहरूसामु लामो भलाकुसारी गर्ने धोको थियो । तर समयको पाबन्दीका कारण पूरा नहुने भयो । अबको आधा घण्टामा यस्तै अर्को कार्यक्रममा सहभागी हुन पुग्नु छ । मेरो मर्म बुझेर तपाईंहरूले सहजै बिदा दिनुहुनेछ भन्ने आशा गरेकी छु । 'मधुमयी ओठ'की लेखिकालाई हार्दिकताका साथ सुनिदिनुभएकोमा सम्पूर्ण सहभागीहरूमा हार्दिक आभार व्यक्त गर्दछु !' मिसेज राधाले मन्तव्य टुङ्ग्याइन् ।

## विद्यालय......

आरोपपत्रमा दाबी गरिएको छ । चारै जनामाथि कसुरको मात्राअनुसार कैद सजाय र जरिवाना माग गरिएको छ । सचिव दर्जी र अहेव सुवेदीले ६० लाख ९७ हजार छ सय रुपियाँ, सुरेश दवाडी र दर्जीले २७ लाख २३ हजार दुई सय रुपियाँ, सुवेदी र दर्जीले ३३ लाख ७४ हजार चार सय रुपियाँ हिनामिना गरेको अख्तियारको आरोप छ ।

## चाँगन......

डिजिटल क्लष्टर, ठूलो इन्फोटेन्टमेन्ट सिस्टम, स्मार्ट ड्राइभिङ कन्ट्रोल, टायर प्रेसर मोनिटर लगायतका पाउन सकिन्छ । ओसन एक्स सेभेन थप प्रिमियम रहेको छ । यसमा इको, कम्फर्ट, स्पोर्ट र कस्टमगरी चार फरक ड्राइभिङ मोड पाउन सकिन्छ । इलोक्ट्रोनिक पार्किङ्ग, अटो होल्ड, इलेक्ट्रीक प्यानोरोमिक सनरुफ, इन्टलिजेन्ट क्रुज कन्ट्रोल, ३६० डिग्री क्यामेरा जस्ता फिचर समावेस छन् । सुरक्षाको दृष्टिकोणबाट दुबै भेरियन्टमा चालक र यात्रुको लागि एयरब्याग र साइड टोर्सो एयरब्याग दिइएको छ । दुबै भेरियन्टमा एबीएस, इबीडी, हिल होल्ड कन्ट्रोल, डिसेन्ट कन्ट्रोल र इमोबिलाइजर समावेश छ । सुरुमै राइट ह्याण्ड ड्राइभमा आएको कारण यो एसयूभी चाँडै नेपाल आउने अपेक्षा गर्न सकिन्छ ।

# अन्तराष्ट्रिय समाचार

## राजधानी किभमा रुसी सेनाद्वारा क्षेप्यास्त्र प्रहार

युक्रेनको राजधानी किभमा रुसी सेनाले क्षेप्यास्त्र प्रहार गरेको जनाइएको छ । युक्रेनमाथि एकतर्फी हमलामा उत्रेको १७ औं दिनमा राजधानी किभ नजिक पुगेको रुसी सेनाले हमला गरिरहेको सीएनएनले जनाएको हो । रुसी सेनाले अहिले पूर्व र उत्तरपूर्वबाट हमला गरिरहेको छ । यसैबीच, केही दिनअघि देखि किभको पश्चिमतिर ६५ किलोमिटरसम्म लामबद्ध भएका रुसी सेनाले आफ्नो फौजलाई विभिन्न स्थानमा फैलाएको म्याक्सर प्रविधिको स्याटलाइट तस्बिर सार्वजनिक भएका छन् । रुसी सेना अहिले आवासीय क्षेत्र, जंगल र झाडीमा गएर किभमाथि आक्रमण गर्ने योजना बनाउँदै गरेको बताइएको छ । किभ नजिकका इर्पिन, लुबायान्का, ओझेरा, एन्टोभ हवाईमार्गको वरिपरि, इभान्किभ, बेरेष्टयान्कालगायतमा रुसी फौज तैनाथ भएका छन् ।

## रुसमाथि बेलायतको नयाँ प्रतिबन्ध

बेलायतले मस्कोमाथि नयाँ प्रतिबन्ध घोषणा गरेको छ । बेलायतले रुसी तल्लो सदन डुमाका ३८६ सांसदहरुलाई लक्षित गर्दै नयाँ प्रतिबन्ध लगाएको हो । ती सबै सांसदहरुले युक्रेन हमलामा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको कदमलाई समर्थन जनाएका थिए ।

उनीहरूलाई बेलायत यात्रा गर्न र बेलायतमा रहेको कुनै पनि सम्पत्तिमा पहुँच राख्न प्रतिबन्ध लगाइएको बेलायतको विदेश मन्त्रालयले जनाएको छ ।

फेब्रुवरीमा पूर्वी युक्रेनमा बिखन्डनकारीको नियन्त्रणमा रहेको लुहान्स्क र दोनेत्सक क्षेत्रलाई मान्यता दिएका थिए । सो मान्यता रुसी युद्धका लागि बहाना बनेको विदेश मन्त्रालयले जनाएको छ ।

'हामी युक्रेनमा पुटिनको अवैध आक्रमणमा संलग्न र यस बर्बर युद्धलाई समर्थन गर्नेहरूलाई लक्षित गर्दैछौं,' विदेशमन्त्री लिज टूसले भने । सरकारले बिहीबार चेल्सी फुटबल क्लबका रुसी मालिक रोमन अब्रामोभिचको सम्पत्ति रोक्का गरेको थियो । प्रधानमन्त्री बोरिस जोनसनलाई धनाढ्य रुसीहरू विरुद्ध कारबाही गर्न ढिलाइ गरेको र सोभियत संघको पतन पछि लन्डन हुँदै पार भएको रुसी पैसामा आँखा चिम्लिएको आरोप लागेको थियो । रुसी जहाज र विमानलाई यसअघि नै बेलायत सरकारले प्रतिबन्ध लगाइसकेको छ ।

## युक्रेनमा नेटो र रुसको प्रत्यक्ष द्वन्द्वको अर्थ तेस्रो विश्वयुद्ध होः बाइडेन

अमेरिकी राष्ट्रपति जो बाइडेनले युक्रेनमा रुसविरुद्ध अमेरिकाले प्रत्यक्ष ढंगले हस्तक्षेप नगर्ने बताएका छन् । 'युक्रेनमा हामीले रुसविरुद्ध लडाइँ गर्नेछैनौं । नेटो र रुसको प्रत्यक्ष द्वन्द्वको अर्थ तेस्रो विश्वयुद्ध हो । यसलाई हामीले रोक्ने प्रयास गर्नुपर्छ,' बाइडेनले भने । यसअघि रुसमाथि विभिन्न प्रतिबन्ध लगाएको अमेरिकाले रुसी भोड्का, सिफुड, डायमन्डलगायतका सामाग्रीमा नयाँ प्रतिबन्ध लगाएको छ । युक्रेनमाथि रसायनिक हमला प्रयोग गरे पुटिनले ठूलो मूल्य चुकाउनुपर्ने उनले चेतावनी दिए । यसैबीच, रुसी सेनाले युक्रेनका तीन ओटा मुख्य सहरहरुमा हमला गरेको छ । यसअघि युक्रेन संकटबारे रुस र युक्रेनका विदेशमन्त्रीबीच टर्कीमा भएको वार्ता निस्कर्षविहीन भएको थियो । रुसी विदेशमन्त्री सर्गेइ लाभरोभ र युक्रेनी विदेशमन्त्री दिमित्री कुलेबाबीच टर्कीमा भएको वार्ता बिनानिस्कर्ष टुंगिएको थियो ।

## पाकिस्तानले चीनमा बनेको जे-१०सी लडाकु विमान भित्रायो

पाकिस्तानले हवाई क्षेत्रमा विभिन्न भूमिका निभाउन सक्ने जे(१० सी शुक्रबार आफ्नो वायुसेनामा भित्र्याएको छ । जसका कारण देशको सैन्य शक्ति बढ्ने जनाएकोछ । यो विमानको पाकिस्तानले चीनबाट किनेको हो। तर कतिको संख्यामा पाकिस्तानले यो विमान भित्र्यायो भन्ने अझै पत्ता लगाउन नसकिएको भारतीय संचारमाध्यमहरुले जनाएका छन् । पाकिस्तानी प्रधानमन्त्री इमरान खानले पञ्जाबको अटोक जिल्लामा रहेको वायुसेना बेस मिनहास कामरामा नयाँ लडाकु विमान वायुसेनामा समावेश गर्ने अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गरेका थिए। उनले सो कार्यक्रमलाई सम्बोधन गर्दै भारतले फ्रान्सबाट राफेल लडाकू विमान अझ किन्ने सम्भावना रहेको भन्दै उनले भने दुर्भाग्यवश, यस क्षेत्रमा असंतुलन सिर्जना गर्ने प्रयासहरू भइरहेका छन् र यसलाई सम्बोधन गर्न आज हाम्रो रक्षा प्रणालीमा ठूलो वृद्धि गरिएको बताएका थिए। यस्तै प्रधानमन्त्री खानले करीब ४० वर्षपछि पाकिस्तानले एक ठूलो उपलब्धि गरेको पनि बताएका थिए । जे(१०सी चौंथो र ५ औं पुस्ताको लडाकु विमान हो। यो चीन र पाकिस्तानद्धारा संयुक्तरुपमा विकास गरिएको हल्का लडाकू विमान जेएफ १७ भन्दा धेरै शक्तिशाली रहेको जनाइएको छ । भारतले राफेल लडाकु विमान खरीद गरेको जवाफमा पाकिस्तानले २५ जे १०सी विमान खरिद गर्ने पाकिस्तानी गृहमन्त्री शेख राशिद अहमदले गत वर्ष डिसेम्बरमा घोषणा गरेका थिए ।

## रुसलाई घेराबन्दी गर्न अमेरिकाले १२ हजार सैनिक पठायो

अमेरिकी राष्ट्रपति जो बाइडेनले रुसलाई घेराबन्दी गर्नको लागि १२ हजार सैनिक पठाएको बताएका छन् । उनले यी सैनिक रुससँगको सीमामा तैनाथ गरिने बताएका छन् । बाइडेनका अनुसार यी सैनिकहरु रुससँग सीमा जोडिएका देशहरु लातभिया, इस्टोनिया, लिथुआनिया र रोमानियामा तैनाथ गरिने उनले बताए । सेना पठाइएको घोषणा गर्दै उनले रुसी राष्टूपति भ्लादिमिर पुटिन यो युद्धमा सफल नहुने बताए । शुक्रबार हाउस डेमोक्रेटिक ककसका सदस्यहरुलाई सम्बोधन गर्दै उनले युक्रेनमा तेस्रो विश्वयुद्ध नलडिने बताए । तर, उनले रुसलाई 'नेटो क्षेत्रको प्रत्येक इन्चको रक्षा गरिने' बताए । राष्टूपति बाइडेनले आफ्नो देशले युक्रेनमा रुसविरुद्ध प्रत्यक्ष रूपमा सैन्य हस्तक्षेप नगर्ने बताए ।

उनले अमेरिकी सेनाले रुसविरुद्ध लड्नुको अर्थ 'तेस्रो विश्वयुद्ध सुरु गरे सरह' हुने चेतावनी दिए । युक्रेनले भने पश्चिमा देशहरूसँग पटक पटक नेटोमार्फत सैन्य सहायताको माग गरिरहेको छ । यद्यपि अमेरिकामा, राष्टूपति बाइडनले रुसमाथि नयाँ प्रतिबन्धहरू घोषणा गरेका छन्। जस अन्तर्गत रुसी रक्सी, समुद्री खाद्य सामग्री र हीराको आयातमा रोक लगाइएको छ । उनले अमेरिकाले रुसी कुलीन वर्गमाथि आर्थिक प्रतिबन्ध बिस्तार गर्दै लग्ने समेत बताएका छन् । रुसले भने संयुक्त राष्ट्र सुरक्षा परिषद्को बैठकमा, युक्रेनमा अमेरिकाको सहयोगमा जैविक हतियारका गतिविधिहरू भएको दाबी गरेको छ। उसले यथेष्ट प्रमाणविना नै युक्रेनका ३० वटा प्रयोगशालामा जैविक हतियार विकास भइरहेको बताएको हो। अमेरिकाले यो 'पूर्ण रूपमा मिथ्या जानकारी' भएको र रुसले युक्रेनमा आफ्नो आक्रमणको औचित्य प्रमाणित गर्न झुट फैलाइरहेको बताएको छ ।

# कवि अमृत क्षेत्रीको 'एकान्त भिड' लोकार्पण

पोखरा । पोखरा तालतलैया, हरियाली वा उज्याला हिमश्रृङ्खला देखिने सहरमात्रै होइन । यो लाहुरेको सहर पनि हो । सहरको बीच भागमा उभिएर पत्थर फ्याँक्यो भने कुनै न कुनै लाहुरेको घरमा ठोक्किन्छ । तर, त्यो पत्थर अमृत क्षेत्रीको ढोकामा पुग्छ । पत्थर पग्लिँदै सोध्नेछ, के छ हालखबर ? सञ्चै ?

किनकी त्यो पत्थर एउटा 'लाहुरे'को घरमा मात्रै ठोक्किन पुगेको हुँदैन । त्यो ठोक्किएको हुनेछ, एउटा कविसँग । कवि अमृत अर्थात् शालीनता र नरमपनाले भरिएको कवि ।

शनिबार साहित्यकार दीपक समीपले कवि अमृत क्षेत्रीका लागि यी शब्द खर्चिए । उनले चिनेजस्तै कवि अमृत क्षेत्रीको पहिलो परिचय नै शालीनता हो । कम बोल्छन्, नरम बोल्छन् । आफू बाँचिरहेको जीवन शैलीझैं शान्त र शालीन छन्, उनका कविताहरु पनि ।

लामो समय भारतीय सैनिक सेवा गरेपछि जागिरे जीवन टुंग्याउँदै स्वदेश फर्किएका छन् । यही फुर्सदको मौकामा नियालिरहेका छन्, कवि अमृत आफूलाई । पटक पटक आइरहने बन्दुक र कलमबीचको 'सम्बन्ध'बारे प्रश्नको उत्तर खोजिरहेका छन् ।

तर, कवि अमृतलाई लाग्छ, 'बन्दुक एक सत्ता हो भने कविता स्थायी प्रतिपक्ष । तर, दुवै आआफ्नै नियममा हिँडिरहेका छन् । अर्थात्, आआफ्नै अस्तित्वको खोजीमा छन् ।'

अमृतले १६ वर्ष एक महिना ६ दिन भारतीय सैनिक सेवामा बिताए । 'चेन अफ कमान्ड'मा हिँड्नु पर्ने सैनिक जीवनमा अध्ययन र साहित्य सिर्जनाका लागि समय नमिल्नुपर्ने हो । तर, त्यसमा पनि उनी आफूलाई भाग्यमानी ठान्छन् ।

अरु लाहुरेजस्तो पल्टनमा उनले सलामी ठोक्दै बन्दुक बोकेर हिँड्नु परेन, बरु अध्ययनका लागि प्रशस्त समय पाए । 'भारतीय सेनाको आईटी सेक्टरमा परें । त्यहाँ अरुले जस्तो बन्दुकबोक्नु परेन । कम्प्युटर अघि बस्नुपर्थ्यो,' अमृत भन्छन्, 'त्यो फुर्सदको समय अध्ययन र सिर्जनाका लागि राम्रो अवसर बन्यो ।'

भारतीय सेनको सूचना प्रविधि क्षेत्रबाहेक अन्य क्षेत्रमा परेको भए यतिबेला आफू कवि हुन्थे वा हुँदैन थिए, उत्तर उनीसँग छैन । त्यसैले पनि सैन्य पेशालाई बाहिरबाट हेरिएजस्तो 'क्रुर पेशा' देख्दैनन् । 'सैन्य पेशालाई बाहिरबाट क्रुर देखिन्छ भन्छन् । तर, त्यति हुँदैन । त्यो कोमल पनि हुन्छ,' भन्छन्, 'कोमल हुन्छ बन्दुक बोक्नेको हृदय पनि ।'

सैन्य पेशामा भए पनि आफूभित्र कोमल हृदय भएकै कारण काव्यिक मोहमा डुबेको कवि अमृत सुनाउँछन् । 'सायद आफूभित्रको कोमल हृदयलाई महसुस नगर्दो हुँ त यहाँसम्म आइपुग्ने थिइनँ । त्यसैले मेरा कविताहरु पनि छोटा हुन्छन्, कोमल प्रकृतिका हुन्छन्,' उनी भन्छन्, 'विद्रोह गर्न चर्को नारा लगाउनुपर्छ भन्ने हुँदैन ।'

आफूले सिर्जना गरेका धेरै कविताहरु कवि अमृतले आईटी सर्भर रुममै फुराए । कति यादमा छन्, कति कापीका पानामा छन्, कति सामाजिक सञ्जालको भित्तामा । आफ्ना सिर्जना प्रायः सामाजिक सञ्जालमा राख्थे उनी ।

त्यहीबेला अर्का एकजना सर्जकले सामाजिक सञ्जालमा नराख्न र कृतिकै रुप दिन सुझाए । 'त्यतिबेला पो म झसंग भएँ । अहो ! मेरो पनि किताब ? भन्ने भयो,' अमृत भन्छन्, 'कवितामा म समाज लेख्न मन पराउँछु । आफूले भोगेका अनुभव, चित्त नबुझेको कुरा उतार्न मन पराउँछु । तर, कृतिकै रुपमा अघि लैजानेबारे सोचेको पनि थिइनँ ।'

आफ्ना सिर्जनालाई कृतिकै रुपमा लैजाने नै सोचिसकेपछि त्यसमा सहयोग गरे, कवि चन्द्रवीर तुम्बापो, कृष्ण बोहरा यात्रीलगायतले । त्यसपछि जन्मियो, एकान्त भिड ।

शनिबार पोखरामा कवि अमृतका यही कविता संग्रह विमोचन भएको छ । साहित्यकार सरुभक्त, तीर्थ श्रेष्ठ, सरस्वती श्रेष्ठ 'सरु', दीपक समीप, सञ्जीव पौडेल लगायतले कवि अमृत क्षेत्रीको नवीनतम् कविता संग्रह विमोचन गरे ।

कृति विमोचनपछि साहित्यकार सरुभक्तले नेपाली साहित्यमा एक शालीन कविको सशक्त कविता पदार्पण भएको सुनाए । 'कवितालाई सीमामा बाँध्ने हुँदैन । यो स्वतन्त्र हुने भएकाले पनि कवि शाश्वत र सर्वभौम छ,' उनले भने, 'कविका कविता नयाँ जीवनजस्तै विरोधाभास दर्शनको खोजमा छ ।'

साहित्यकार तीर्थ श्रेष्ठले कवि अमृतको कवितामा कुनै छलछाम र अहम् नभएको सुनाए । 'कविता हल्लाखल्ला गरेर पनि लेख्न सकिन्छ, आक्रोश पनि पोख्न सकिन्छ, तर, आक्रोशलाई पनि अत्यन्त सरल रुपमा प्रस्तुत गर्न सक्ने कवि हुन्, अमृत,' उनले भने । कवि चन्द्रवीर तुम्बापो, सरस्वती श्रेष्ठ 'सरु', सञ्जीव पौडेल लगायतले कवि अमृतको कृतिले कवितामा नयाँ बाटोको खोजी गरेको सुनाए । उनीहरुले अमृतका कवितामा शब्दमात्रै नभएर समाजका विसंगतिप्रति प्रश्न उठाउँदै संगति समाजको खोजीको अपेक्षा रहेको धारणा राखे ।




# सेलिब्रिटी लेखक

प्रकाश तिवारी

गन्यमान्य साहित्यकारले भरिएको अतिथि-दीर्घा । अतिथि-दीर्घाको पछाडि 'सेलिब्रिटी लेखक विचार गोष्ठी' अंकित ब्यानर । श्रोतागणले खचाखच भरिएको हल । जेठ महिनाको समय थियो । बिजुली बत्ती छिनछिनमा आउँथ्यो-जान्थ्यो । कोही गर्मीले निदाइरहेका थिए त कोही हाते पङ्खा हम्किरहेका । सेलिब्रिटी लेखक आइनसकेकाले कार्यक्रम सञ्चालन हुनसकिरहेको थिएन ।

यस्तैमा कसैले 'सेलिब्रिटी ! सेलिब्रिटी !' उच्चारण गरेको आवाज सुनियो । पछिल्लो लहरमा बस्नेले अघिल्तिर हेरे । अघिल्लो पङ्तिमा हुनेले पछाडि मुन्टो फर्काए । दायाँ टाउकाहरू बायाँतिर मोडिए । बायाँतिरका अनुहारहरू दायाँतिर घुमे । सबैजना सेलिब्रिटीको खोजीमा थिए ।

कार्यक्रम उद्घोषण गर्ने जिम्मा पाएका चतुर्मानले माइक उठाए । 'आदरणीय महानुभावहरू ! तपाईंहरू सही अनुमान लगाउँदै हुनुहुन्छ । अबको केहीबेरमा हाम्रो कार्यक्रममा एकजना ठूला सेलिब्रिटी आउँदै हुनुहुन्छ । उहाँ को हुनुहुन्छ भन्नेबारे यहाँहरूले अन्दाज गरिसक्नुभएको हुनुपर्छ !'

चतुर्मानले यति के भनेका थिए, श्रोतागण स्वतस्फूर्त रूपमा बोल्नथाले

'मेरो विचारमा राजेश हमाल हुनसक्छन् । किनकि उनी प्रायः यस्ता कार्यक्रममा आमन्त्रित गरिन्छन् । उनलाई महानायक भनेको पनि सुनिन्छ ।' एकजनाले भन्यो ।

'मिलेन ।'

'मह जोडी होलान् । उनीहरू बहुचर्चित हास्य अभिनेता हुन् । हरिवंशले चिना हराएको मानिस नामक पुस्तक पनि लेखेका छन्', दोस्रोले थप्यो ।

'गलत ।'

'विजयकुमार पाण्डे । मेरो बुझाइमा विजयकुमार एक जमानाका नामी टेलिभिजन कार्यक्रम प्रस्तोता हुन् । खुसी नामक उनको पुस्तकले मदन पुरस्कार पाएको थियो', तेस्रो चाहिंले भन्यो ।

यसप्रकार सहभागीले सेलिब्रिटीको नाम अन्दाज गर्ने र उद्घोषकले 'त्यो हैन' भन्ने क्रम लामै चल्यो । तथापि कसैको अनुमान सही निक्लेन ।

'उसोभए चतुर्मानजी आफैं भन्नुहोस् उहाँ को हुनुहुन्छ ?' हलले सर्वसम्मतिका साथ प्रश्न राख्यो । चतुर्मान मुसुक्क हाँस्दै बोल्न लागे-

'उहाँ हुनुहुन्छ, उहाँ हुनुहुन्छ !'

बिजुली बत्ती फेरि गयो । चतुर्मान अधकल्चो भनाइका साथ आसनमा फर्किए ।

त्यस दिन काठमाडौं महानगरको तापक्रम ३३ डिग्री सेल्सियस थियो । गर्मीका कारण हाते पङ्खा हम्किने र निदाउने क्रम पुनः सुरु भयो । पाँच मिनेटजतिमा हलमा बत्ती बल्यो । बत्ती आएको खुसियालीमा जोडदार ताली घन्कियो । चतुर्मानले अधुरो सन्देश पूरा गर्न माइक उठाए । 'उहाँ हुनुहुन्छ- मिसेज राधा ! हामीलाई भर्खरै मात्र होनहार सेलिब्रिटी मिसेज राधाले फोन गर्नुभएको थियो । राधाजी यतिखेर दशौं हजार फ्यानको घेराबन्दीमा हुनुहुन्छ । उहाँसँग सेल्फी खिचाउन सयौं फ्यानहरू तँछाडमछाड गरिरहेका छन् । सेल्फी लिन नपाए भोक हड्ताल गर्छौं भनी धम्की दिने पनि छन् भन्ने सुनिन्छ । त्यसको असर हाम्रो कार्यक्रममा पर्‍यो । फोटो सेसन सम्पन्न हुनासाथ मिसेज राधा यस कार्यक्रममा उपस्थित हुनुहुनेछ । केहीबेर धैर्यधारण गर्न सम्पूर्ण महानुभावमा अनुरोध गर्दछु', उनले भने । एक बजेका लागि निर्धारित कार्यक्रम तीन बज्दा पनि सुरु भएको थिएन । उद्घाटनको रिबन काट्ने जिम्मेवारी पाएकी मिसेज राधाको अनुपस्थितिले सहभागीहरूमा निराशा छाउँदै थियो । चतुर्मानले सहभागीहरूलाई अल्मल्याउने जुक्ति निकाले । उनले मिसेज राधा उपस्थित नभएसम्मका लागि 'सेलिब्रिटी लेखक' शीर्षकमा प्रश्न-उत्तर आयोजन गर्ने उद्घोषण गरे । उठेका प्रश्नको जवाफ दिने जिम्मेवारी गन्यमान्य लेखक रमेश जंगलीलाई दिइयो ।

'यो ब्लू पिक्चर हो कि कविता', ऊ रन्कियो । 'यो बैंसालु उमेरको स्वाभाविक विद्रोह हो', राधाले जवाफ फर्काइन् । त्यसपछि उनले रोकिएको मन्तव्य अघि बढाइन्

'जंगलीज्यू, हाम्रोमा एक मात्र उपन्यास लेखेर सेलिब्रिटी हुने र दर्जनौं कृति लेखेर गुमनाम रहने दुवैथरी लेखक छन् । त्यसबारेमा तपाइँ के भन्नुहुन्छ ?' पहिलो प्रश्न आयो ।

'आकाशमा लाखौं तारा हुँदाहुँदै एउटा चन्द्रमाले अन्धकारलाई भगाइदिन्छ । तपाईंहरूले घण्टौं बोल्ने तर बोलेका कुराको सार खिच्न मुश्किल पर्ने विद्वान र पाँच मिनेट बोल्ने तर बोलेका प्रत्येक वाक्य मीठो कोटेसनजस्तो लाग्ने दुवैथरी वक्तालाई देख्नुभएको छ । यसर्थ प्रस्तुत विषयमा संख्याभन्दा गुण महत्वपूर्ण हुन्छ भन्ने लाग्छ मलाई', जवाफ आयो ।

'सेलिब्रिटी बन्नका लागि व्यक्ति महत्वपूर्ण हुन्छ या कृति ?' दोस्रो प्रश्न ।

'अहिले भने प्रश्नकर्ताले मेरो घाँटीमै समाउनुभयो । मेरो विचारमा रस, अलंकार, गुदी, दर्शन र सार विनाको साहित्य जति नै ठूलो ओहोदाको व्यक्तिले लेखेको किन नहोस् साहित्य हुन सक्दैन । तर दुःखको कुरा, हाम्रो देश शक्तिशाली वर्गको मलद्वारबाट निस्केको अपचवायुलाई पनि अगरबत्तीको सुगन्ध भन्दै चाकरी भजाउनेहरूको देश भएको छ । एकजना कविले लेखेका पनि छन्- बडाले जो गर्‍यो काम हुन्छ त्यो सर्वसम्मत ! यहाँ ठूला मिडिया हाउस वा प्रकाशनगृहले धाप मारेकै भरमा सेलिब्रिटी लेखक कहलाएका धेरै छन् ।'

तेस्रो प्रश्न- 'तपाईंले ठूला मिडिया हाउस या प्रकाशनगृहले सेलिब्रिटी निर्माणमा निर्णायक हस्तक्षेप गर्न सक्छन् भन्न खोज्नुभएको हो ?' 'मेरो भनाइ ठ्याक्कै त्यो चाहिं होइन । यदि त्यसो हुन्थ्यो भने जतिबेला लक्ष्मीप्रसाद देवकोटा, लेखनाथ पौडेल र बालकृष्ण समजस्ता साहित्यकार थिए, त्यतिबेला अहिलेका जस्ता बिग मिडिया हाउस या प्रकाशनगृह थिएनन् । तर पनि उनीहरू नेपाली साहित्य आकाशको दुर्लभ नक्षत्र बन्न सफल भए । चल्ला बन्नमा अण्डाभित्रको आन्तरिक तत्व निर्णायक हुन्छ । माउको सेकताप र बाहृय वातावरण त सहायक कुरा मात्रै हुन् । साहित्यकारको प्राण भनेको कृतिको गुणस्तरीयता हो । गुण विनाको साहित्यमा जति हावा भर्नुस् त्यो पानीको फोका झैं फुट्छ ।' 'जंगलीजी, सेलिब्रिटी लेखक बन्ने रेडिमेड फर्मूला छ भने पाउँ न ।' 'त्यस्तो कुनै फर्मूला छैन । नो फर्मूला । त्यसको एउटै फर्मूला छ, त्यो हो- लेखन लेखन लेखन ! गुणस्तरीय लेखन । विभिन्न तह र तप्काका पाठकको मन छुने लेखन ।'

'अनि हर्ष ट्रेडिङ्ग !'

'वल्लो घरको नरे पल्लाघर सरे भने जस्तो हो यो । साहित्यमा दलीय हर्ष ट्रेडिङ्गको घुसपैठ भएपछि कसको के लाग्छ ! म त भन्छु, बमबार्ड दी हर्ष ट्रेडिङ्ग । बमबार्ड दी ग्रुपिजम् । दल वा समूहमा आबद्ध भएपछि वाञ्छनीय योग्यता नै नचाहिने ? समूह विनाको व्यक्ति टुहुरो हुने ? अनि तथास्तु शैलीमा मुसालाई बाघ बनाउने ? यस्तो पनि हुन्छ ! आउनुहोस् यस कुप्रथामाथि निर्मम बमबारी गरौं ।'

जंगलीजीले सानदार ताली पाए ।

'साहित्यमा कुन हदसम्मको मूर्तता या अमूर्तता स्वीकार्य हुन्छ ?'

'अमूर्तताको महत्व नै नभएको चाहिं होइन । तर तपाईंले लिपिबद्ध गरेका कुरा अरूले बुझ्दैन भने त्यसको के अर्थ रहृयो ! त्यसैले साहित्यकारले मात्र त्यहाँ अमूर्त भाषा शैली प्रयोग गरोस् जहाँ आवश्यक छ । जस्तो कि शरीरको गोप्य अङ्गलाई अमूर्त स्वरूप दिन अण्डरवेयर पहिरिने गरिन्छ ।'

घडीको सुई साढे तीनबाट उकालो लाग्दै थियो, हलमा गज्जबको उमंग छायो । कार्यक्रम उद्घोषक चतुर्मान लगायत मञ्चमा आसीन गन्यमान्यहरूले मूलद्वारतिर हेर्दै ताली बजाए । अन्य सहभागीले पनि तालीमा ताली मिसाए । हलमा 'सेलिब्रिटी ! सेलिब्रिटी !' को आवाज घनीभूत हुँदै गयो ।

चतुर्मान हतारहतार ड्यासतिर लम्किए ।

'पर्खाइको घडी समाप्त भएको छ । यतिखेर हाम्रोमाझ सेलिब्रिटी लेखिका मिसेज राधा उपस्थित भैसक्नुभएको छ । उहाँको जोडदार तालीका साथ स्वागत गरौं !' चतुर्मानले मिसेज राधा हलमा प्रवेश गरेको सूचना र तालीको उर्दी एकैसाथ जारी गरे । मिसेज राधा क्याट्वाक शैलीमा मञ्चमा पुगिन् ।

राधाको आगमनसँगै कार्यक्रम उद्घाटनको रिबन काट्ने रिवाज विना विलम्ब सम्पन्न भयो । हाउभाउ हेर्दा मिसेज राधा हतारमा रहेको अनुमान लगाउन गाह्रो थिएन । उनले चतुर्मानलाई नजिक आउन इशारा गरिन् । चतुर्मानले राधा नजिकै पुगेर कान थापे । मिसेज राधा र चतुर्मानबीच खासखुस चल्यो । तत्कालै चतुर्मानले सभासमक्ष थप सूचना संप्रेषित गरे -

'मिसेज राधा समकालीन नेपालको व्यस्त सेलिब्रिटीमा पर्नुहुन्छ । उहाँ अझै अन्य तीनवटा कार्यक्रममा प्रमुख वक्ता बन्नुपर्ने रहेछ । त्यसैले हामीले अन्त्यमा रहेको उहाँको सम्बोधन भाषणलाई सुरुमा सार्ने निर्णय लिएका छौं !' उनले भने ।

मिसेज राधालाई माइक सुम्पनुअघि चतुर्मानले थप कुरा राखे -

'हुन त मिसेज राधा परिचय दिइरहनुपर्ने नाम होइन । तैपनि माइक हस्तान्तरण गर्नुअघि म उहाँको छोटो परिचय दिन चाहन्छु । केहीबेर अघि हलमा गाइँगुइँ पनि चल्यो । कतिपय लेखकले मिसेज राधाका बारेमा अनभिज्ञता जाहेर गरेको पनि सुनियो । लेखकहरूमा एउटा समस्या छ ।

हामी आफूले लेखेका बाहेक अरूका पुस्तक पढ्दै पढ्दैनौं । देवकोटा, लेखनाथ र समबाहेक अरूलाई साहित्यकार नै गन्दैनौं । आज देशको साहित्य क्षेत्रमा कैयौं देवकोटा र समको उदय भइसकेको छ । तिनैमध्येकी एक हुनुहुन्छ मिसेज राधा । उहाँको मुखारविन्दबाट निस्केको वाक्य सुन्न प्रशंसकहरू हवाईजहाजको भाडा तिरी मेची-महाकाली

बाँकी ६ पृष्ठमा

# ६ लाख डाउन पेमेन्टमा टिगोर इभी, यस्तो छ मासिक किस्ता

काठमाडौं । टाटाको आधिकारीक वितरक सिप्रदी ट्रेडिङले हिजोबाट विक्री सुरु गरेको कम्प्याक्ट सेडान टिगोर इभी अहिले चर्चामा रहेको छ । चल्तीको ब्राण्डले ३० देखि ३३ लाख मूल्य तोकेर विक्री सुरु गरेको यो कार किन्न चाहने ग्राहकले २० प्रतिशत मात्रै डाउन पेमेन्ट गरेर किन्न सक्नेछन् ।

टाटाले तीन भेरियन्टमा बजारमा ल्याएको टिगोर इभीको एक्सइ भेरियन्टको मूल्य २९ लाख ९९ हजार, एक्सएम भेरियन्टको मूल्य ३१ लाख ४९ हजार र एक्सजेड प्लस भेरियन्टको ३२ लाख ९९ हजार रुपैयाँ तोकिएको छ ।

हामीले यहाँ यसको बेस भेरियन्ट एक्सइको मूल्य र त्यसको डाउन पेमेन्ट, अनुमानित व्याजदर सहितको मासिक किस्ता प्रस्तुत गरेका छौं ।

बैंकले अहिले औषतमा ११ प्रतिशत व्याजदरमा बैंक कर्जा उपलब्ध गराएको छ भने ७ वर्षसम्मको लागि कर्जा प्रवाह गर्दै आएको छ ।

विद्युतीय गाडीमा ८० प्रतिशतसम्म फाइनान्स सुविधा पाउन सकिन्छ । यसरी २० प्रतिशत मात्रै डाउन पेमेन्ट गर्दा भने मासिक किस्ता धेरै पर्न आउँछ । गाडीको मूल्य २९ लाख ९९ हजारको २० प्रतिशतले हुन आउने ५ लाख ९९ हजार ८०० रुपैयाँ डाउन पेमेन्ट वापत बुझाउनु पर्छ भने बैंकबाट २३ लाख ९९ हजार २०० रुपैयाँ कर्जा लिन सकिन्छ ।

यसरी कर्जा लिएर टिगोर इभी किन्ने ग्राहकले ७ वर्षसम्म मासिक ४१ हजार ८० रुपैयाँ हाराहारी मासिक किस्ता तिर्नु पर्छ ।




सम्पूर्ण मासिक किस्ताको विवरण हेर्न यहाँ क्लिक गर्नुहोला ।

यस्तो छ टिगोर इभी

निकै सुरक्षित मानिएको टिगोर इभीले ग्लोबल एनक्याप क्र्यास टेष्टमा फोर स्टार रेटिङ पाएको छ । यो कम्प्याक्ट सेडान कारमा २६ किलोवाट आवरको लिथियम आयोन व्याट्री र ५५ किलोवाट क्षमताको इलेक्ट्रीक मोटर दिइएको छ । यसमा रहेको ब्याट्रीलाई २५ किलोवाटको डिसी चार्जरबाट चार्ज गर्दा ६५ मिनेटमा ८० प्रतिशतले चार्ज हुन्छ । टिगोर इभीमा ड्राइभ र स्पोर्ट गरी दुई ड्राइभिङ मोड उपलब्ध रहेको छ । धेरैले इभीमा रहने ग्राउन्ड क्लियरेन्सलाई महत्व दिने गरेका छन् । सेडान कार भएरपनि यसमा ग्राहकले १७२ एमएमको ग्राउन्ड क्लियरेन्स पाउन सक्नेछन् । यसमा ७ इन्चको हर्मन इन्फोटेनमेन्ट सिस्टम, अटोमेटिक क्लाइमेट कन्ट्रोल, डिजिटल एलसीडी क्लष्टर, अटो एसी, सिट उचाई मिलाउन मिल्ने ड्राइभर सिट लगायतका विशेषता रहेका छन् ।

त्यस्तै, गाडीमा स्मार्ट की पुस-बटन स्टार्ट, पोर्टेबल चार्जिङ केबल पनि पाउन सकिन्छ । चालक र यात्रु सहजताको लागि टिगोरमा ३० भन्दा बढी कनेक्टिभिटीका विशेषताहरू छन् । जसमध्ये रिमोट कमान्ड र रिमोट डाइगोनिस्टिक पनि पर्छन् ।

# चैत दोस्रो साता विक्री सुरु हुँदै यामाहाको नयाँ मोटरसाइकल

काठमाडौं । यामाहा मोटरसाइकलको लागि नेपालको आधिकारिक वितरक एमएडब्लू इन्टरप्राइजेजले नयाँ मोटरसाइकल नेपालमा विक्री सुरु गर्ने भएको छ । कम्पनीले यामाहाको बहुप्रतिक्षित मोटरसाइकल एफजेड एक्सको विक्री सुरु गर्ने भएको हो । कम्पनीले रेट्रो थिममा निर्माण गरेको एफजेड एक्स यामाहा एक्सचेन्ज मेलामा सार्वजनिक गर्ने भएको हो । कम्पनीले चैतको दोस्रो सातामा आयोजना गर्न लागेको यामाहा एक्सचेन्ज मेलामा एफजेड एक्स सार्वजनिक गर्ने कम्पनी स्रोतले



जनाएको छ । कम्पनीका अनुसार एफजेड एक्सको परिक्षण सफल भएको छ । यो मोटरसाइकलको नेपालका विभिन्न भुभागमा ५ हजार किलोमिटर चलाएर परिक्षण गरिएको थियो ।

एफजेड एक्स रेट्रो लुक मोर्डन टेक्नोलोजिमा आधारित रहेर निर्माण गरिएको छ । यसमा राउण्ड सेप एलइडी हेड ल्याम्प दिइएको छ । त्यस्तै यसमा नयाँ टेक्नोलोजि आधारित धेरै फिचर रहेको छ । कम्पनीले यसमा ब्रान्ड न्यू अल डिजिटल कन्सोल दिएको छ । एफजेड एक्समा कम्पनीले ब्लुटुथ भेरियन्टसमेत दिएको छ । साथै, यसमा सिंगल च्यानल एबीएस उपलब्ध रहेको छ । यसमा १४९ सीसी क्षमताको एफआई इन्जिन यसमा रहने छ । उक्त इन्जिनले ७२५० आरपीएममा अधिकतम १२.४ पीएस पावर र ५५०० आरपीएममा १३.३ एनएम टर्क प्रदान गर्छ । यसमा ५ स्पीडको गियरबक्स रहेको छ । यसका अलावा एफजेड एक्सको अगाडि कन्भेन्सनल टेलिस्कोपिक फर्क र पछाडि मोनोशक सस्पेन्सन, ब्लुटुथ कनेक्टिभिटी, दुबै चक्कामा डिस्क ब्रेक, सिंगल च्यानल एबीएस, फुल डिजिटल इन्ट्रुमेन्ट क्लष्टर जस्ता फिचर पाउन सकिन्छ ।

# फुल चार्जमा ५१० किमि रेन्ज दिने चेरीको इभी

काठमाडौं । चेरीले नेपालमा पुनःआगमन गरेको करिब ६ महिना भएको छ । अहिले आइसी इन्जिनमा रहेको टिगो फोर प्रो मोडल विक्री गर्दै आएको चेरीले निकट भविष्यमा नै इलेक्ट्रीक गाडी ल्याउने तयारी गरिरहेको छ ।

चेरी चीनको अग्रणी अटोमोबाइल कम्पनी हो भने, उसले विगत २० वर्षभन्दा धेरै समयदेखि नयाँ इनर्जी भेहिकल उत्पादन र अन्भेषणमा काम गर्दै आएको छ । अहिले चेरीसँग चारवटा नयाँ इनर्जी भेहिकल प्लेटफर्म रहेका छन् ।

चेरीले आफ्नो आन्ट मोडललाई नयाँ लाइफ टेक्नोलोजी प्लेटफर्ममा ल्याएको छ । सन् २०२२ 'आन्ट'मा 'लेभल टु अटोमेटीक एसिस्ट ड्राइभिङ सिस्टम' पाउन सकिन्छ ।

नयाँ आन्टको लम्बाई ४६३० एमएम, चौडाई १९१० एमएम, उचाई १६५५ एमएम र ह्वीलवेस २८३० एमएम रहेको छ । चेरीले यसलाई रियर ह्वील ड्राइभ सिस्टमा ल्याएको छ ।



एक पटकको फुल चार्जमा ५१० किलोमिटर रेन्ज दावी गरिएको आन्ट ७०.१ किलोवाट आवरको लिथियम आयोन व्याट्री दिइएको छ भने, यसलाई कम्पनीले १३० किलोवाट र १५० किलोवाट क्षमताको दुई फरक मोटरमा ल्याएको छ ।

चेरीले पूर्णत फिचर लोड गरेर ल्याएको नयाँ एसयूभीमा स्प्लीट हेडल्याम्प, एलइडी डे टाइम रनिङ लाइट, प्रोजेक्टर हेडल्याम्प, १८ इन्चको अलोय ह्वील जस्ता फिचर रहेका छन् । यसको इन्टेरियर पनि फिचर लोडेड रहेको छ । १२.३ इन्चको इन्ट्रुमेन्ट क्लष्टर, पानारोमिक सनरुफ, एयर प्यूरिफायर सिस्टम, इलेक्ट्रीक सिट, फाइभ जी सपोर्ट, एडएएस ड्राइभर एसिस्ट, भ्वइस कमान्ड जस्ता फिचर पाउन सकिन्छ ।

# चांगनले सार्वजनिक गर्‍यो दुई नयाँ एसयूभी, चाँडै नेपाल आउने अनुमान

काठमाडौं । चांगनले आफ्नो बहुप्रतिक्षित एसयूभी ओसन एक्स सेभेनको ग्लोबल लन्च गरेको छ । एक्स सेभेन कम्फर्ट भेरियन्ट बजारमा ल्याएको हो । दुवै भेरिएन्टमा १.५ लिटर टर्बो चार्ज्ड ब्लुकोर इन्जिन दिइएको अटोमेटिक गियरबक्स दिएको छ । कम्पनीले ओसन एक्स सेभेन फियुचर सेन्समा ५ सिट दिएको छ भने कम्फर्ट




कम्पनीले मार्च ७ तारिखमा पाकिस्तानबाट यसको दुई भेरियन्टमा लन्च गरेको थियो । कम्पनीले ओसन एक्स सेभेन फियुचर सेन्स र ओसन छ । यूरो ६ मापदण्डको १५ सय सीसी क्षमताको इन्जिनले अधिकतम १८५ हर्सपावर र ३५० एनएम टर्क जेनेरेट गर्छ । चांगनले यसमा ७ स्पीड डिसिटी भेरियन्टमा ७ सिट दिएको छ । निकै आकर्षक डिजाइनमा तयार भएको यी एसयूभीमा उत्कृष्ट फिचर पाउन सकिन्छ ।

बाँकी ६ पृष्ठमा

फागुपर्व सभ्य रुपमा मनाऔं।
- आपसी सहमतिमा उल्लासपूर्वक फागुपर्व मनाऔं,
- जबरजस्तीलोला हान्नेऔं, पानी छ्याप्ने तथा रंङ्ग दल्ने काम नगरौं,
- सामाजिक तथा साँस्कृतिक मर्यादा र शिष्टाचारको पालना गरौं,
- हानिकारक ररसायनयुक्त रङ्गको प्रयोग नगरौं,
- मदिरा तथा लागु पदार्थको सेवन नगरौं,
- गैरकानूनी र उच्छृङ्खल ब्यवहार नगरौं ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१–४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस